# नेपाली कांग्रेस

# महासमिति बैठकमा महामन्त्रीद्वारा प्रस्तुत सांगठनिक प्रस्ताव


**गगनकुमार थापा**

**महामन्त्री**


**२०८० फागुन ७ देखि १०, गोदावरी, ललितपुर**

# नेपाली कांग्रेस महासमिति बैठकमा महामन्त्रीद्वारा प्रस्तुत
# सांगठनिक प्रस्ताव

## स्वागत, श्रद्धा र सम्मान

आदरणीय सभापतिज्यू,

नेपाली कांग्रेसको नीति महाधिवेशनको समेत कार्यभार लिएको यस महासमिति बैठकमा सहभागी हुन आउनु भएका सम्पूर्ण महासमिति सदस्य साथीहरूलाई जय नेपालको अभिवादनसहित हार्दिक स्वागत गर्दछु ।

यस अवसरमा महासमिति बैठकलाई व्यग्रतापूर्वक हेरिरहनु भएका इमान र निष्ठालाई डगमगाउन नदिई मन, वचन र कर्मले सदैव देश र लोकतन्त्रप्रति प्रतिबद्ध देशभित्र वा बाहिर संसारको सूदुर कुनासम्म छरिएर रहनु भएका सम्पूर्ण नेपाली आमाबुवा दाजुभाइ तथा दिदीबहिनीमा हार्दिक अभिवादन गर्दछु ।

यो ऐतिहासिक दिनमा आठ दशकभन्दा लामो लोकतान्त्रिक संघर्षको यात्राका विभिन्न कालखण्डमा गौरवपूर्ण सहादत प्राप्त गर्ने प्रात:स्मरणीय योद्धाहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, लोकतान्त्रिक आन्दोलनको आदर्श र चेतनालाई जीवित राख्न कठोर संघर्ष, कारावास, निर्वासन र आन्तरिक विस्थापन, हिंसात्मक द्वन्द्वमा मारिएका, यातना भोगेका, अङ्गभङ्ग र अनेकन पीडा ब्यहोरेका लाखौं नेपालीको अदम्य साहस र समर्पणलाई हार्दिकतापूर्ण अभिनन्दन गर्दै उहाँहरूप्रति असीम सम्मान प्रकट गर्दछु ।

यस महत्वपूर्ण क्षणमा ७८ वर्ष अघि पार्टीको स्थापना र पार्टीलाई नेतृत्व प्रदान गर्ने हाम्रो पार्टीका संस्थापक पथप्रदर्शक जननायक बिपी कोइराला, श्रद्धेय नेताहरू सुवर्ण शम्शेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइरालालाई उच्च श्रद्धा प्रकट गर्दछु ।

नेपालको लोकतन्त्रको संघर्षशील यात्राका विभिन्न कालखण्डमा पार्टीमा नेतृत्वदायी भूमिका र महत्वपूर्ण योगदान गर्नुहुने थिरबम मल्ल, दुर्गानन्द झा, योगेन्द्रमान शेरचन, सूर्यप्रसाद उपाध्याय, महेन्द्रविक्रम शाह, दिवानसिंह राई, रामनारायण मिश्र, महेन्द्रनारायण निधी, धनमानसिंह परियार, राधाकृष्ण थारू, तुरसा हेमरम, मंगलादेवी सिंह, द्वारिकादेवी ठकुरानी, देवव्रत परियार, शेख इद्रीश, तेजबहादुर अमात्य, सरोजप्रसाद कोइराला, नारदमुनी थुलुङ, आर.वी. गहतराज, जमानसिंह गुरुङ, भूविक्रम नेम्वाङ, भीमनारायण श्रेष्ठ, शैलजा आचार्य, भीमबहादुर तामाङ, दलसिंह कामी, नोना कोइराला, सिके प्रसाई, प्रेमराज आङदेम्बे, पदम बहादुर आले, बखानसिंह गुरुङ, बलबहादुर राई, प्रदीप गिरि लगायतका सयौं अग्रज तथा योद्धाहरूलाई हृदयदेखि स्मरण गर्दछु ।

नेपाली कांग्रेसको नेतृत्वमा बनेको लोकतान्त्रिक संविधानको वाचा र मर्मलाई गम्भीरतापुर्वक आत्मसात गर्दै त्यसको गतिशील कार्यान्वयनमार्फत मुलुकलाई समुन्नतितर्फ डोऱ्याउनु नै आजको

हाम्रो मुख्य राष्ट्रिय जिम्मेवारी हो। आफ्नो करिव आठ दशक लामो गौरवपूर्ण इतिहास, यसको आदर्श एवं विचारको श्रेष्ठता, हजारौं कर्मठ, स्वावलम्बी र इमानदार स्वयंसेवी कार्यकर्ताको ऊर्जा एवं जनताको अनवरत स्नेह र समर्थनले त्यो राष्ट्रिय दायित्वलाई बहन गर्न सक्ने उच्च आत्मबलका साथ हामी यो ऐतिहासिक मञ्चमा उपस्थित भएका छौं। त्यही आत्मविश्वासका साथ आज प्रजातन्त्र दिवसको दिन पुनः एकपटक वर्तमान संविधानद्वारा निर्मित आधारशीलामा उभिएर नेपाली राजनीतिमा देखिएका तमाम ज्वलन्त मुद्दाहरुको सम्बोधन गर्दै समुन्नत नेपाल निर्माणमा अग्रसर हुने संकल्पसहित यस महासमिति बैठकमा पार्टीको सांगठनिक प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहान्छु।

## इतिहासको स्मरण

आदरणीय साथीहरू !

गत माघ १२ गते हामीले पार्टीको ७८औं स्थापना दिवस मनायौं। ७८ वर्ष अगाडी यो पार्टीको परिकल्पना गर्दा हाम्रा अग्रजहरू थोरै संख्यामा हुनुहुन्थ्यो, सदस्यको संख्या अत्यन्त न्युन थियो र पार्टीमा आबद्धताका लागि सहज बाटो पनि थिएन। पद, प्रतिष्ठाको न कुनै अपेक्षा न त सुनिश्चितता नै थियो। स्रोत साधनको सीमितताका कारण पार्टीको संरचना फैलिएको थिएन।  आजको जस्तो राजनीतिक चेत, संचार र प्रविधिको अनुकूलता थिएन।

जननायक बिपी कोइरालाले त्यतिबेला पार्टीको लक्ष्यका बारेमा प्रष्ट पार्दै भन्नु भएको थियो-, 'हामी जनता-जनार्दनको बलमा नेपालमा कोही पनि भोका, नाङ्गा वा अशिक्षित नरहुन्, देशमा सडक, बाटोघाटो, अस्पताल लगायत जीवनलाई सुन्दर र सुखी बनाउने अरु कुनै कुराको अभाव नहोस्, त्यस्तो व्यवस्था ल्याउने प्रयत्नमा छौँ।' २०४६ सालमा पञ्चायती शासन व्यवस्थाको अन्त्य गरी प्रजातन्त्र पुनर्स्थापना गर्ने पार्टीको ध्येय थियो, किनकि प्रजातन्त्रमा मात्र एउटा नागरिक स्वतन्त्र, सृजनशील र सुखी हुनसक्छ भन्ने स्थापनाकालीन आदर्शलाई हामीले कहिल्यै भुलेका थिएनौं। पार्टी स्थापनाकाल र प्रतिबन्धित कालमा प्रजातन्त्र प्राप्तिको त्यो वृहत्तर मिसनले सबैलाई जोडेको हुँदा सिङ्गो पार्टी त्यो मिसन प्राप्तिका लागि सदैव क्रियाशील रह्यो।

२०४६ पछिको कालखण्डमा जब हाम्रो सामना उग्रवामपन्थी हिंसा र महत्वाकांक्षी राजसत्ताको निरंकुशतासँग भयो, हामीले शान्ति र लोकतन्त्रको सुरक्षालाई महत्व दियौँ। एकातिर लोकतान्त्रिक अधिकारहरू कुण्ठित र प्रतिबन्धित थिए भने अर्कातिर माओवादी चरम हिंसाबाट देश भयभित र आक्रान्त थियो। त्यसैले २०६२/२६३ सालमा हाम्रो ध्येय 'माओवादीको हिंसात्मक राजनीति र राजाको निरंकुशताको अन्त्य गर्दै संविधानसभा मार्फत लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने' रह्यो। कठोर संघर्षको त्यो कालखण्डमा त्यही बृहत् उद्देश्यले पार्टीलाई प्रेरित र परिचालित गरिरह्यो।

यसरी हाम्रा अग्रजहरुलाई अकल्पनीय संघर्षको दुष्कर समयमा पनि जनता-जनार्दनको जीवनलाई सुखी र सुन्दर बनाउने पार्टीको  महान ध्येय र समर्पणले बाँधेको थियो। जीवन बलिदान गर्ने अदम्य साहस, उच्चतम सेवाभाव र निष्काम कर्मका साथ निरन्तर संघर्ष गरिरहन सबैलाई त्यही मिसनले उत्प्रेरित गरेको थियो।

परिणामस्वरुप, नेपाली कांग्रेसकै नेतृत्वमा २००७ साल, २०४६ साल र २०६२/०६३ सालमा ऐतिहासिक जनआन्दोलनबाट युगान्तकारी राजनीतिक परिवर्तनहरु सम्भव भए। नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा शान्ति प्रक्रिया र ऐतिहासिक संविधानसभाको निर्वाचन गरी संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो। २०७२ सालमा नेपाली कांग्रेसका सभापति सुशील कोइरालाको नेतृत्वमा बहुलवादमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रात्म संविधान बन्यो। पार्टी सभापति शेरबहादुर देउवाको नेतृत्वमा तिन तीनै तहको निर्वाचन सम्पन्न गरी संविधान कार्यान्वयनको अध्याय आरम्भ भयो।

नेपाली कांग्रेसले शासन सञ्चालन गर्दा खासगरी २०१५ साल र पछिल्लो २०४७-०५१ सालको कालखण्डमा बसालेको आर्थिक-सामाजिक क्षेत्रका थुप्रै नीतिगत सुधार र विकासको जगकै फलस्वरुप मुलुकको शिक्षा, स्वास्थ्य, पूर्वाधार र उद्योगको क्षेत्रमा व्यापक विस्तार भएको थियो। यसरी नेपाली कांग्रेसले हासिल गरेका उपलब्धिहरूको सूची लामो छ।

दुर्भाग्यबश, हिंसात्मक द्वन्द्व र राजनीतिक अस्थिरतामा अल्झिएर लोकतन्त्र स्थापनापछिको अमूल्य समय खेर फाल्नु नपरेको भए नेपाली जनताका विकास-निर्माण र समुन्नतिका अझ धेरै आकांक्षाहरु पूरा गर्न सकिने सम्पूर्ण आधार नेपाली कांग्रेस पार्टीले तयार गरिसकेको थियो।

त्यसकारण नेपाली कांग्रेस सात दशक अघिदेखि लोकतन्त्रका निम्ति पटक पटक भएका संघर्ष र आन्दोलन, निरङ्कुश राजतन्त्रको अन्त्यदेखि माओवादी द्वन्द्वको शान्तिपूर्ण अवतरण, संविधानसभा निर्वाचन,संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माणदेखि संघीय नेपालको तीनै तहको निर्वाचनसम्मको नेतृत्व गरी मुलुकलाई कठिन अवस्थामा निकास दिलाएको इतिहासप्रति गौरव गर्दछ।

यद्यपि, यो लामो कालखण्डमा हामीले सिक्नुपर्ने पाठ पनि थुप्रै छन्। प्रजातन्त्रको संस्थागत विकास हुन नपाउँदै यस विरुद्ध पटक पटक षडयन्त्र भए; कहिले राजाको निरंकुशताबाट कहिले माओवादीको हिंसाबाट प्रक्रियालाई अबरुद्ध गर्ने प्रयास भयो, जसले गर्दा नेपाली कांग्रेसको अधिकांश समय राजनीतिक मुद्दा र संघर्षमा व्यतित भयो। फलस्वरुप, शासन सञ्चालन गर्दा पार्टीले सुरु गरेका आर्थिक, सामाजिक नीति तथा कार्यक्रम कार्यान्वयनको गतिले अपेक्षित निरन्तरता पाउन सकेन वा कतिपय अवस्थामा त्यो अपर्याप्त भयो। लोकतान्त्रिक संस्थालाई संस्थागत गर्न हाम्रो पर्याप्त ध्यान पुगेन। कतिपय अवस्थामा पार्टी भित्रको अन्तर्द्वन्द्वलाई व्यवस्थापन गर्न नसक्दा हामीले पाएको शासन सञ्चालनको अवसरको उचित सदुपयोग हुन सकेन। त्यसको मूल्य पार्टीले मात्र होइन पद्धतिले नै चुकाउनु पर्‍यो। आफ्नै एकल बहुमतको सरकारलाई समेत पूर्ण कार्यकाल चलाउन नसकेको र पार्टीलाई एकढिक्का राख्न अफसोसजनक अनुभव हामीसँग छ।

अत: कठीन मोडमा पुगेको मुलुकलाई बारम्बार संकटमुक्त पार्दै आएको आफ्नो गौरवमय इतिहासको स्मरण गर्दै र सिक्दै, विगतका कमिकमजोरीको समीक्षा पनि गर्दै आज सामुन्नेमा आएका चुनौतीको चिरफार गरेर वर्तमानलाई समाल्न अनि उज्यालो भविष्यको मार्गचित्र तय गरी नयाँ ऊर्जा र आत्मविश्वास यस महासमिति बैठकबाट हामीले हासिल गर्नुपर्नेछ। आगामी दशकमा मुलुक

समुन्नतिको दिशामा अगाडि बढ्छ भन्ने आशा र विश्वासको उत्साहजनक सन्देश जनतालाई दिन सक्यौँ भनेमात्र यो बैठकको ऐतिहासिक महत्व सिद्ध हुनेछ ।

****

## सांगठनिक अवस्था

वि.सं. २००५ फागुन १८ मा सम्पन्न भएको नेपाली राष्ट्रिय कांग्रेसको तेस्रो महाधिवेशनमा प्रस्तुत प्रतिवेदनमा भनिएको छ-"हामीले बाटोघाटोको अतिशय न्युनता भएको विस्तृत भू-खण्डमा काम गर्न सारै थोरै समय पाएका छौँ। सरकारले पनि आफ्नो निरङ्कुश र प्रगति विरोधी नीतिले हाम्रो मार्गमा तगारो अड्काएको छ । फेरी हाम्रा कर्मठ र कार्यकुशल साथीहरूमध्ये निकै जसो अझैं पनि जेल यातना सहिरहेका छन । बाधाहरू अनेकन छन, तर प्रथम बर्षको भन्दा सदस्य संख्या चौवर भएको छ..."। यसरी अनेकन वाधालाई चिर्दै केही सय सदस्य संख्या र केही शाखामार्फत पार्टी संगठनका गतिविधि सञ्चालित थिए ।

आज २०८० सालसम्म आइपुग्दा अठहत्तर वर्षको यो यात्रामा पार्टीको विशाल सांगठनिक संरचना हामीसंग छ । देशभित्र टोल-टोलसम्म, विभिन्न पेसा, व्यवसाय र क्षेत्रमा मात्र होइन देश बाहिर समेत पार्टी संगठनको विस्तार भएको छ, सदस्यता फैलिएको छ । ८ लाख ६९ हजार ५५१ क्रियाशील सदस्य र क्रियाशील बाहेकका लाखौं कांग्रेस सदस्य छन् । १३ वटा भ्रातृसंघ र २६ वटा शुभेच्छुक संस्थामा आबद्ध सदस्यहरूको संख्या निकै ठूलो छ ।

२०७८ मंसिरमा सम्पन्न १४औं महाधिवशन पश्चात् केन्द्रदेखि ६७४३ वडा र त्यस अन्तर्गत रहेका हजारौं टोल समिति छन् । सम्पर्क समितिहरू छन् । देशभित्र मात्र होइन संसारभर ३७ वटा जनसम्पर्क समितिमार्फत हजारौँ सदस्य आबद्ध छन् । नेपाली कांग्रेस सबैभन्दा धेरै सदस्य, ठूलो सांगठनिक संरचना भएको दल बनेको छ । संगठन मात्रै होइन यस अवधिमा तीन तहको निर्वाचन मार्फत नेपाली कांग्रेस तीनै तहमा जनमतका हिसाबले पनि पहिलो दल बनेको छ । पार्टी संगठनका गतिविधि नियमित रुपमा संचालित छन्; संगठन जीवन्त छ ।

अब म यस अवधिमा भएका संगठनिक गतिविधिको संक्षेपमा चर्चा गर्न चाहान्छु;

- नेपाली कांग्रेसको १४औं महाधिवेशन पश्चात ५ वटा नियमित र ४ वटा आकस्मिक गरी ९ पटकमा ३४ दिन केन्द्रीय कार्यसमितिको बैठक बसेको छ भने ६ पटकमा ३० दिन कार्यसम्पादन समितिको बैठक सम्पन्न भएका छन् । यी बैठकमा पार्टीका आन्तरिक सांगठनिक गतिविधिको समीक्षासँगै देशमा विकसित राजनीतिक घटनाक्रम र समसामयिक मुद्दाका सन्दर्भमा गहन छलफल र निर्णय भएका छन् ।
- महाधिवेशन लगत्तै पार्टी लगातार तीनै तहको निर्वाचनमा केन्द्रीत हुनुपरेकोले पार्टीले सम्पूर्ण ध्यान निर्बाचन परिचालन र व्यवस्थापनमा दिनुपर्‍यो । त्यस अवसरमा पार्टीले घर घर जाऔँ नेपाली कांग्रेसलाई जिताऔँ लगायतका निर्वाचन केन्द्रित अभियान सञ्चालन गर्‍यो ।

गठबन्धन सहित निर्वाचनमा जाँदा पार्टी संगठन व्यवस्थापनमा केही कठिनाई भए तर पार्टी सवै तहको निर्वाचनमा पहिलो दल बनेको छ। ३३२ स्थानीय तहमा हाम्रो नेतृत्व र अन्य बहुसंख्यक स्थानीय तहमा हाम्रो बलियो उपस्थिति छ। प्रदेश र संघमा प्रमुख दलको हैसियतमा कतै नेतृत्व त कतै मुख्य साझेदारको रुपमा सरकारमा सहभागिता छ।

- पार्टीको विधान कार्यान्वयनलाई तदारुकताका साथ अगाडि बढाउने सन्दर्भमा केन्द्रीय कार्यसमितिको २०७९ साउन २ देखि १० गतेसम्म बसेको बैठकले वार्षिक कार्यतालिका नै बनाएर पार्टीका बैठक र गतिविधि सञ्चालन भइरहेका छन्।
- हरेक दुई महिनामा केन्द्रीय कार्यसमितिको बैठक बस्नैपर्ने व्यवस्था कार्यान्वयनमा आएको छ। मातहतका सबै तहले विधान अनुसार सक्नुपर्ने कामहरू समयमै सम्पन्न गर्न समन्वय र सहजिकरण गर्दै वार्षिक कार्यातालिका नै बनाई सांगठनिक गतिविधि सञ्चालन गर्न र सो को अभिलेख पठाउने संयन्त्रको विकास गरिएको छ।
- यस बर्षदेखि सबै तहमा हरेक बर्ष अनिवार्य सम्मेलन गर्ने अभ्यासको थालनी भएको छ। सम्मेलनमा राजनीतिक, समसामयिक र सांगठनिक प्रतिवेदन प्रस्तुत र छलफल गर्ने परिपाटीको सुरुवात भएको छ। विधानमा व्यवस्था भएपनि विगतमा यो कार्यान्वयनमा आएको थिएन। यस वर्ष हालसम्म ४ वटा प्रदेश सम्मेलन, ६० वटा जिल्ला सम्मेलन र १०० बढी प्रतिनिधिसभा क्षेत्रीय सम्मेलन सम्पन्न भइसकेका छन। बहुसंख्यक स्थानमा प्रदेशसभा क्षेत्रीय सम्मेलन, गाउँ/नगर सम्मेलन र वडा सम्मेलन सम्पन्न गरी क्षेत्रीय र जिल्ला सम्मेलन गर्ने गरिएको छ।
- १४औं महाधिवेशनसम्मको क्रियाशील सदस्यताको समस्या समाधान गरी ८ लाख ६९ हजार ५५१ क्रियाशील सदस्यताको विवरण जिल्लागत रुपमा सबै जिल्लामा पठाएर नवीकरणको प्रक्रिया शुरु भइसकेको छ। विधान बमोजिम नयाँ क्रियाशील सदस्यता निरन्तर वितरण गर्ने कार्यलाई प्राथमिकता दिई नयाँ सदस्यता वितरणका लागि पठाइसकिएको छ।
- नेपाली कांग्रेस पार्टी सदस्यता अनलाइन मार्फत उपलब्ध हुने व्यबस्था सुरू भएको छ। क्रियाशील सदस्यता नवीकरणलाई अनलाइनमार्फत हुने व्यवस्था गरिएको छ। क्रियाशील सदस्यताको कार्ड जिल्लाबाटै प्रिन्ट गर्न सकिने गरी प्राविधिक व्यवस्था बनेको छ। यसपटकको लागि सबै जिल्लामा प्रिन्टका लागि पठाए पनि नवीकरण कार्यमा ढिलाइ नहोस् भनेर जिल्लाकै सुझाव अनुसार केन्द्रबाटै पठाउने व्यवस्था भएको छ।
- डिजिटल कांग्रेसको अवधारणा अनुसार सबै तहका गतिविधि, सदस्यता र अभिलेखलाई एकीकृत गर्दै विद्युतीय अभिलेख प्रणालीको प्रक्रिया र अभिलेख संकलन गर्ने कार्य अगाडि बढेको छ भइरहेको छ।
- पार्टीमा विचार मन्थनको काम पुन:आरम्भ भएको छ। पार्टी कार्यतालिकामा पचास प्रतिशत सांगठनिक गतिविधि र पचास प्रतिशत समाजका विविध विषयमा कार्यक्रम गर्ने प्रारुप अनुरुप

युवा पोलिसी ह्याकथन, तीनदिने राष्ट्रिय बिपी साहित्य महोत्सव जस्ता प्रभावकारी कार्यक्रमहरू गरिएको छ, जसको जनस्तरमा समेत व्यापक चर्चा र सराहना भएको छ । महासमिति बैठक लगत्तै पछि ‘सुवर्ण शमशेर इकोनमिक कनक्लेभ’ आयोजनाको तयारी गरिएको छ । केन्द्रको कार्यतालिका अनुसारका कतिपय कार्यक्रमहरू प्रदेश कार्यसमिति, जिल्ला कार्यसमिति र मातहतका कार्यसमितिमार्फत निरन्तर भइरहेका छन ।

- पार्टी कार्यालयमा अत्याधुनिक पुस्तकालय र स्रोत केन्द्र निर्माणको अन्तिम चरणमा छ । सो केन्द्रमार्फत नियमित रुपमा विषयगत संवाद श्रृंखला र विज्ञसँग बातचित तथा सरोकारवालासँग छलफल कार्यक्रमलाई निरन्तर रूपमा सञ्चालन हुनेछ ।
- पार्टीका नियमित सांगठनिक र समाजसँग जोडिएका अभियानहरू सँगसँगै भइरहेका छन् । महाधिवेशनपश्चात निर्वाचन अगाडि २०७८ माघ २९देखि फागुन २० गतेसम्म ‘घरघर जाऔं कांग्रेस जिताऔं’ अभियान, २०७९ भाद्र १० देखि २४ गतेसम्म ‘जनताको साथमा कांग्रेस’ अभियान, २०८० साउन २० देखि ३० गतेसम्म आन्तरिक विशेष अभियान र २०८० माघ १३ देखि २६ गतेसम्म ‘समुदायमा कांग्रेस अभियान’ सञ्चालन गरिएको थियो । महासमिति बैठक लगत्तै यो अभियान पुन: सञ्चालन हुनेछ । यो अभियानको उद्देश्य जनताका कुरा सुन्ने र सो अनुरुप संगठनका गतिविधिलाई परिमार्जित र प्रभावकारी बनाउने रहेको छ ।
- स्थानीय तहको निर्वाचन पश्चात कांग्रेसबाट जितेका जनप्रतिनिधिहरूलाई कांग्रेस संकल्पपत्रमा उल्लेखित विषयबारे अभिमुखीकरण गर्न सबै स्थानीय तह प्रमुख र उपप्रमुखलाई विज्ञहरूबाट दुईदिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको थियो । बजेट बनाउने समयमा सबै प्रदेशका स्थानीय तहका जनप्रतिनिधिलाई बजेट र प्राथमिकताका कार्यक्रमबारे अनुशिक्षण गरिएको थियो ।
- पार्टीको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानमार्फत प्रशिक्षक प्रशिक्षण लगायत विभिन्न विषयमा प्रशिक्षण सामाग्री तयार गरी प्रशीक्षणका कार्यक्रम निरन्तर सञ्चालन भइरहेका छन ।
- पार्टी कार्यालय व्यवस्थित रुपमा संचालन गर्न कार्यालय सञ्चालन निर्देशिका, कर्मचारी व्यवस्थापन विनियमावली, शाखा अनुसार जिम्मेवारी र जवाफदेही प्रणालीको विकास र कार्यालयलाई व्यबस्थित गर्ने काम प्रारम्भ भएको छ ।
- पार्टीको सूचना, संचार तथा प्रचार विभागमार्फत पार्टीको बुलेटिनको रुपमा नेपाल पुकार स्मारिका पुन: प्रकाशन सुरु भएको छ भने आवश्यकता अनुसार पार्टीले अतिरिक्त पुस्तिका प्रकाशन गर्ने गरेको छ ।
- जाजरकोट र रुकुम पश्चिमका भूकम्प प्रभावित क्षेत्रमा उद्धार, तत्काल राहतका साथै अस्थायी घर,टहरा निर्माणका लागि पार्टीले विभिन्न टोली नै बनाएर श्रमदान गरी १००० अस्थायी

घर, टहरा निर्माण गरेको थियो।

- पार्टीको अनुशासन समिति, लेखा समिति, सदस्यता समिति, निर्वाचन समिति गठन भई तिनले आ-आफ्नो दायित्वको कार्य प्रारम्भ गरेका छन्।
- भ्रातृ संघ तथा शुभेच्छुक संस्थाहरुमध्ये समयावधि सकिएका भ्रातृ संघको हकमा तदर्थ समिति गठन गरी छ महिनाभित्र अधिवेशन सम्पन्न गर्नेगरी जिम्मेवारी प्रदान गरिएको छ। सवै भ्रातृ संघ तथा शूभेच्छुक संस्था र जनसम्पर्क समितिको सदस्यता लगायतको यथार्थ विवरण संकलन र अभिलेखीकरणको कार्य भइरहेको छ।

**आदरणीय साथीहरू !**

पार्टीको आजको सांगठनिक अवस्था र महाधिवेशनपश्चात भइरहेका गतिविधिको बारेमा माथि संक्षिप्त चर्चा गर्‍यौं। यो पृष्ठभूमिमा अब हाम्रो पार्टी संगठन भित्रको **सबल पक्षका** बारेमा उल्लेख गर्न चाहान्छु :

- देशभित्र र देश बाहिर सवैतिर फैलिएको संगठन छ। कुनै वार्ड छैन जहाँ पार्टीको समिति नभएको होस्, कुनै टोल छैन जहाँ कांग्रेसको सदस्य नभएको होस्। नेपालभित्र प्रत्येक समुदायमा छ। संसारभर जहाँ नेपालीहरू पुग्नुभएको छ, त्यहाँ नेपाली कांग्रेसका साथीहरू नभएको सायदै कुनै देश होला। एउटा वृहत राजनीतिक उद्देश्यका लागि बाँधिएको यति ठुलो संगठन छ।
- नेपाली कांग्रेसमा आबद्ध ८ लाख ६९ हजार ५५१ क्रियाशील सदस्य मध्ये १ लाख १४ हजार ५२५ जना साथीहरू त पार्टीको क्षेत्रीय प्रतिनिधिमा निर्वाचित हुनुभएको छ। हजारौं साथीहरू टोलदेखि केन्द्रसम्म पार्टीको कुनै न कुनै जिम्मेवारीमा रहेर काम गरिरहनु भएको छ। साथै,कुनै सांगठनिक जिम्मेवारीमा नरहेको भए पनि कांग्रेसप्रति प्रतिबद्ध र निष्ठावान् कांग्रेस सदस्यको अर्को ठूलो पङ्ति छ, जसले असम्भव झैं लाग्ने प्रतिकूलतामा पनि पार्टीको तल्लो तहमा बसेर आफ्नो आस्था र विचारलाई कहिल्यै डगमगाउन दिएन। तिनले बरू विस्थापित हुन र जीवनकै जोखिम मोल्न तयार भए, जेल-नेल भोगे, कतिको ज्यान गयो कतिको सम्पत्ति गुम्यो। गुमेका थुप्रै अवसरका बारेमा किञ्चित पश्चाताप नगरी र हिंसा र निरंकुशताको त्यो चेपुवामा समेत पार्टी छाड्न र विचार बदल्न तयार नभएको अदम्य साहस र अविचलित निष्ठाले पूर्ण त्यो विशाल पार्टी पङ्तिसँग आज पनि केवल पार्टीको राम्रो होस् र देशलाई राम्रो गरोस् भन्ने एकसुत्रीय आग्रह मात्र छ।
- कांग्रेसमा लागेर पद पाइएला वा नपाइएला, सत्तामा हुँदा मलाई के फाइदा होला भनेर व्यक्तिगत स्वार्थ नहेर्ने ठूलो संख्या पार्टीमा आबद्ध छ। आम निर्वाचनको प्रतिस्पर्धामा कहिल्यै नजितेका र निकट भविष्यमा समेत जित्ने सम्भावना नरहेका ठाउँमा पनि आदर्शको झिल्को जोगाएर संगठनलाई जीवन्त राख्ने कांग्रेसजनको उच्च समर्पण भाव अतुलनीय छ।
- पार्टीमा स्वाभिमानपूर्वक गरिखाने सदस्यको बाहुल्यता छ। सदस्यता शुल्क तिर्ने, पार्टीलाई

आवश्यक परेको बेला सधैं उपलब्ध हुने, स्वयंसेवी रुपमा निर्वाचनमा क्रियाशील हुने तर कुनै व्यक्तिगत आकांक्षा नभएको स्वावलम्बन र स्वयंसेवाको भाव लिएर नै पार्टी र अन्य सामाजिक कार्यमा क्रियाशील रहने कांग्रेसजनको संख्या उल्लेख्य छ । आफ्नो स्वार्थका लागि राज्यको स्रोत र साधनमाथि कब्जा जमाउन खोज्ने, आश्रय, अवसर र सजिलो स्रोतको खोजीमा पार्टीमा आबद्ध हुने कांग्रेसी चरित्र नभएको हुनाले पनि आफ्नै बलबुतामा जीविका चलाएर पार्टीमा स्वयंसेवी योगदान गर्ने संस्कार छ ।

- पार्टीभित्र ठूलो सामाजिक पूँजी छ । आफ्नो जीविकासँगै समाजमा रहेर केही न केही गरौं भन्ने भावले धेरै साथीहरू स्थानीय स्तरका सामाजिक काम वा समुहमा निरन्तर क्रियाशील र नेतृत्व गरेका अनेकन उदाहरण छन । आफ्नो अनुभव, दक्षता र सेवाभावलाई आफू भएको ठाउँमा सदुपयोग गरेका छन्, पार्टीबाट अतिरिक्त लाभ खोजेका छैनन् । सेवा वा पेसा व्यवसाय जहाँ संलग्न भए पनि आफूले लिएको जिम्मेवारीमा अब्बल सावित भएका कयौं छन् । जसले पार्टीबाट केही लिएका छैनन् बरू पार्टीमा थपेका छन् ।
- पार्टीमा स्थापनाकालदेखि आजसम्म जोडिएका अनेकन पुस्ताका अग्रज तथा युवा साथीहरू क्रियाशील हुनुहुन्छ । १८ देखि ९० बर्षमाथिसम्मका अग्रजसम्मको एउटा विशाल पार्टी परिवार छ ।
- पार्टीमा सबै समुदायमा, सबैखाले पेसा व्यवसायमा संलग्न, ज्ञान र अनुभवको हिसाबले गाउँको किसान, श्रमिकदेखि विश्वको प्रतिष्ठित विश्वविद्यालयमा दक्षता हासिल गरेका र संसारका अर्को कुनामा ज्ञान-सीप प्रष्फुटित गरिरहेका काबिल जनशक्ति छ । संघर्षदेखि सरकारसम्मको अनुभव, ज्ञान र उर्जाको यो सम्मिश्रण पार्टीको ठूलो पूँजी हो ।
- हिजो पार्टीमा जोडिएको,राजनीतिमा लागेकै कारण विस्थापनको पिडा भोगेको, अवसर गुमाएको अर्को तप्का आज संसारका विभिन्न देशमा गएर ज्ञान, दक्षता र पूँजीको विकास गरिरहेको छ । त्यो पङ्ति पार्टीले सम्झियो भनेमात्र पनि आफ्नो दक्षता अनुसार समर्पित भएर पार्टीमार्फत मुलुकका लागि योगदान गर्न हरदम तयार छ ।
- आन्तरिक प्रतिस्पर्धामा गुटगत भिन्नता देखिए पनि सार्वजनिक हितको कुनै निश्चित लक्ष्य प्राप्तिका लागि वा नेपाली कांग्रेसलाई बाह्य जोखिमबाट बचाउन आवश्यक परेको बेला स्वतःस्फूर्त सबै एकजुट भएर लागि पर्ने सामुहिक भावना छ ।
- पार्टीमा आन्तरिक लोकतन्त्रको अभ्यास छ । नेतृत्व छनोट प्रक्रियाम सहभागिता मात्रै होइन निर्णय प्रक्रियामा सहभागिता, पार्टीभित्र चित्त नबुझेको कुरा भन्ने र फरक मत राख्ने खुला वातावरण छ ।
- पार्टीको सबै तह विधान बमोजिम निर्वाचित भएको छ, केन्द्र देखि ६७४३ वडा र मातहतका टोल कार्यसमितिसम्म ८ वटै तहमा कार्यसमिति बनेका छन् । संविधानको मर्म र भावना अनुसारको वडादेखि केन्द्रसम्म न्युनतम एक तिहाई महिला सहित बिभिन्न समुदायको

समावेशी प्रतिनिधित्व छ। सवैभन्दा तल्लो तह वडाबाट प्रतिनिधित्व हुने क्षेत्रीय प्रतिनिधिको संख्या हेर्ने हो भने पनि १ लाख १४ हजारमा करिव ४० हजार महिलाको प्रतिनिधित्व छ भने वडाबाटै निश्चित संख्यामा मुस्लिम, दलित, थारु, मधेसी, आदिवासी, जनजाती, महिला, अपाङ्गता, अल्पसंख्यकको प्रतिनिधित्वको सुनिश्चितता छ । लोकतान्त्रिक अभ्यास र समावेशीलताको दृष्टिकोणले हाम्रो पार्टी सवैभन्दा समावेशी प्रतिनिधित्व भएको पार्टी हो।

- पार्टीमा माथि उल्लेखित संगठनको संरचना बाहेक १३ वटा भ्रातृ संघ, २६ वटा शुभेच्छुक संस्था, ३७ वटा जनसम्पर्क समिति क्रियाशील छन । देशभित्र केन्द्र, प्रदेश र जिल्लामा सम्पर्क समितिहरू गठन भएका छन। ती संघ, संस्था र समिति मार्फत लाखौं व्यक्ति प्रत्यक्ष परोक्ष रुपमा कांग्रेसंग जोडिएर पार्टीलाई साथ, सहयोग र उत्साह र उर्जा प्रदान गरिरहेका छन।

**आदरणीय सभापतिज्यू तथा साथीहरू !**

हामीसँग गौरवमय इतिहासमात्र होइन माथी उल्लेख गरेजस्तै आज २०८० सालमा आइपुग्दा ८ लाख ६९ हजार क्रियाशील सदस्य, समुदायको जरैसम्म समावेशी सांगठनिक संरचना, सबैभन्दा प्रतिवद्ध सदस्य र कार्यकर्ताको ठुलो पङ्क्ति छ । सदस्य, संगठन, संरचना सबै किसिमले सवैभन्दा ठूलो पार्टी बनेको छ। त्यसमाथि आफैले बनाएको संविधान, आफैले परिकल्पना गरेको राजनीतिक प्रणालीमा निर्वाचनबाट पहिलो पार्टी बनेर सबै तहको सरकारमा नेतृत्वदायी भूमिकामा रहेको यो क्षणमा पार्टीभित्र ठूलो उत्साह र विजयभाव मात्र हुनुपर्ने हो। तर पार्टीका सदस्यको ठूलो पङ्तिमा समेत कताकता एक किसिमको अलमल र संशय देखिन्छ। किन यस्तो भइरहेको छ? यसलाई हामीले अन्देखा गर्न मिल्दैन। **आत्म समीक्षा** गर्न जरुरी छ। त्यस्ता केही विषय यहाँ प्रस्तुत गर्ने अनुमति चाहन्छुः

- पार्टी सदस्यलाई निरन्तर गतिशील र एकताबद्ध बनाइराख्न सांगठनिक गतिविधिमात्र पर्याप्त नहुने रहेछ, अघि बढ्ने प्रष्ट मिसन पनि चाहिँदो रहेछ। जसरी माथि चर्चा गरे झैं वि.सं. २००३ सालमा नेपाली राष्ट्रिय कांग्रेस पार्टी स्थापना गर्दैगर्दा हाम्रा अग्रजहरुले 'प्रजातन्त्रको स्थापना' लाई यसको ध्येय बनाउनु भयो भने २०७० मा हाम्रो मिसन संविधानसभाबाट लोकतान्त्रिक संविधान निर्माण गर्ने थियो। २०६२ साल अघि कांग्रेसको संगठन खुम्चिएको थियो, संरचना खल्बलिएको थियो। कति ठाउँमा अधिवेशन नै भएको थिएन, धेरैको त काठमाडौंमा नै भयो। न अभियान थियो न सम्मेलन, एक किसिमले पार्टी नै विश्रृङ्खलित जस्तो भएको थियो। तर त्यस्तो अवस्थामा पनि हाम्रो पार्टी उद्देश्यहीन थिएन- शान्ति स्थापना र संविधानसभाबाट लोकतान्त्रिक संविधान बनाइछाड्ने हाम्रो मिसनले पार्टीभित्र र बाहिर सबैलाई जोड्न सकेको थियो। तर आज पार्टी एक प्रकारले मिसनविहिन जस्तो देखिएको छ। निर्वाचन जितेको छ, सरकारमा छ तर पनि अबको गन्तव्य नै नदेखिरहेको जस्तो भएको छ। हाम्रो मिसन के हो भन्ने मै पार्टी अलमलमा रहुन्जेल आफ्ना सदस्यलाई अलमलबाट बाहिर निकाल्न नसकिने रहेछ।

- तात्कालिक सरकारले पटक पटक असंवैधानिक ढङ्गले प्रतिनिधिसभा विघटन गरेपछि एउटा विशिष्ट परिस्थितिमा संविधान र लोकतान्त्रिक प्रणालीको रक्षार्थ नेपाली कांग्रेसले पाँच दलीय गठबन्धनको नेतृत्व गर्दै सरकारको जिम्मेवारी बहन गर्नु परेको थियो । त्यसकै निरन्तरता स्वरुप पार्टीले 'लोकतन्त्र र संविधानको रक्षार्थ र स्थिरताका लागि निर्वाचनमा गठबन्धन गर्ने निर्णय गर्‍यो ।' निर्वाचनमा अंकगणितका हिसाबले कांग्रेस ठूलो पार्टी त बन्यो तर पार्टी एक्लै चुनाव लड्दा जस्तो कार्यकर्तामा विजयको भाव र उत्साह भने नआउने रहेछ।
- तिनै तहको निर्वाचनमा कतिपय स्थानमा आफ्नो आस्था प्रकट गर्ने 'रुख' चिन्ह नै नहुँदा कांग्रेसजनले आज पर्यन्त आफ्नो असन्तुष्टि व्यक्त गरिरहेको हामीले देखेका छौं । संघ र प्रदेशको निर्वाचनको तथ्याङ्क हेर्दा गठबन्धनका कारण ७४ प्रतिनिधिसभा क्षेत्रमा नेपाली कांग्रेसले आफ्ना उम्मेदवारलाई मत राख्न पाएनन् भने २१ वटा संघीय क्षेत्रका एउटा पनि प्रदेश क्षेत्रमा आफ्नो पार्टीलाई प्रत्यक्ष मत राख्न पाएनन् । ४८ वटा प्रतिनिधिसभा क्षेत्रका प्रत्येक क्षेत्रका २ प्रदेश सभा क्षेत्रमध्ये एउटामा मात्रै हाम्रा उम्मेदवार थिए; अर्थात ४८ वटा प्रदेशसभा क्षेत्रमा कांग्रेसका प्रत्यक्षतर्फ उम्मेदवार नै थिएनन् । समग्रमा ६२ प्रदेश सभा क्षेत्रका मतदाताले प्रतिनिधिसभा र प्रदेशसभामा हाम्रो निर्वाचन चिन्ह "रुख"मा मत राख्न पाएनन् । त्यस्तै १७ वटा क्षेत्रमा दुवै प्रदेशसभामा त कांग्रेसले रुखमा मत राख्न पाए तर प्रतिनिधिसभामा पाएनन् । यसरी एकातर्फ कांग्रेसका क्रियाशील सदस्यले आफ्नो चिन्हमा मत हाल्न पाएनन् नै अर्को तर्फ अन्य दलको निर्वाचन चिन्ह र झण्डा बोकेर मत माग्न हिड्नुपर्ने बाध्यात्मक अबस्थामा हामीले पुर्‍यायौं ।
- पार्टीको आफ्नो उम्मेदवार नहुँदा संगठनभित्र आकांक्षीको व्यवस्थापन त कठिन भयो नै पार्टीभित्रको ऊर्जामा समेत गिरावट आयो । जसले गर्दा निर्वाचनमा संख्यात्मक रुपमा पार्टी पहिलो दल भए पनि लोकप्रिय मत घट्ने अवस्था भयो । २०७४ बाट २०७९ को आम चुनावसम्म आइपुग्दा प्रतिनिधिसभा चुनावमा हाम्रो लोकप्रिय मतको हिस्सामा ७ प्रतिशतले ह्रास आएको छ । दुई चुनावको बिचमा हामीले १३.२ प्रतिसत त मतदाता नै गुमायौ । यही कुरा सातै प्रदेशसभा चुनावको मतका आधारमा हेर्ने हो भने हाम्रो लोकप्रिय मतको हिस्सा ५ प्रतिशतले घटेको छ । हामीले २०७९ मा २०७४ जतिकै लोकप्रिय मतको हिस्सा कायम राख्न चाहिने मत भन्दा १५.७४ प्रतिशत कम मत पाएका छौं । जबकी स्थानीय तहको निर्वाचनमा हाम्रो लोकप्रिय मत राम्रो थियो । त्यसको एउटा प्रमुख कारण हो स्थानीय तहको निर्वाचनमा हामीले तल्लो तहमै आवश्यकताका आधारमा तालमेल गर्ने भनेका थियौं, बाध्यात्मक बनाएका थिएनौँ।
- यतिबेला संघ, प्रदेश र बहुसंख्यक स्थानीय सरकारमा पार्टी नेतृत्वदायी भुमिकामा भए तापनि पार्टी सरकारमा भएको महशुस र आफ्नोपन नै कांग्रेस सदस्यले गर्न सकिरहेको देखिदैन । सरकारका नीति, प्राथमिकता र कार्यक्रमसँग पार्टी जोडिएको अनुभूत गर्न सकेको छैन । यस्तो अवस्थामा जताततै पार्टीभित्र एकखालको अलमल छ- हामीले सरकारको प्रतिरक्षा

गर्ने की प्रश्न !

- पार्टी विधानले सबै तह र तप्कालाई स्पष्ट समयबद्ध जिम्मेवारी दिएको छ तर पार्टी सञ्चालन गर्दा निरन्तर विधान उपेक्षित हुने गरी संस्थागत भएको अलोकतान्त्रिक परम्पराले कांग्रेस पार्टी थलिएको छ । अहिले हरेक तह र तप्कामा विधानलाई उपेक्षा गर्ने बानी लागेको छ । अधिवेशनको मुखमा विधानका धारा निलम्बन गरेर काम गर्ने परिपाटीले त त्यसलाई झन मलजल गर्ने नै भयो ।
- पार्टीभित्र जरैसम्म फैलिँदै गएको आन्तरिक शक्ति संघर्ष, आफैभित्रको अस्वस्थ प्रतिस्पर्धा र एक आपसमा निषेध गर्ने प्रवृत्तिले पार्टीका अधिकांश सदस्यहरूको ऊर्जा त्यस्तै निरर्थक कर्ममा खर्च भएको छ । इमान्दारिपूर्वक संगठनमा लाग्न चाहने सदस्यलाई यो प्रवृत्तिले निरुत्साही र व्याकुल बनाएको छ ।
- पार्टीको तल्लो तहसम्म कतिपय ठाँउमा बैठक बस्न सकेको छैन, कतै सांगठनिक गतिविधि नियमित छैन, कतै सदस्यतामा समस्या छ त कतै पदाधिकारी मै समस्या छ । बहुमत भएकोले फरकमत राख्नेलाई बेवास्ता गर्ने, पराजितले जितेकोलाई असहयोग गर्ने प्रवृत्तिले अन्तत: संगठनलाई नै कमजोर बनाएको छ ।
- गुटतन्त्रले गर्दा नै आज जो कोही मानिस व्यक्तिगत लाभका लागि समर्पण, संकल्प र संघर्षभाव बिना नै सहजतापूर्वक कुनै उद्योगमा आजीविकाको लागि आएजस्तो गरी पार्टीमा आबद्ध हुने प्रवृत्ति बढ्न थालेको छ । फलस्वरुप, त्याग र संघर्षको इतिहास कमजोर र पार्टीको आदर्श उपेक्षित हुँदैछ ।
- नेता कार्यकर्ताको सम्बन्ध समान र स्व-परिचालित हुनुपर्नेमा ब्युरोक्र्याटिक र कर्मकाण्डी जस्तो भएको छ । नेतृत्वतहमा छलफल संस्कृति र दोहोरो संवादप्रति धेरै रुची नहुँदा तल्लोतहसम्म त्यो फैलिँदै गएको छ । पार्टीभित्र संघर्षकालमा जस्तो विचारको मंथनका लागि प्रेरित हुने अभिरुची घट्दो छ ।
- अपारदर्शी निर्णय प्रक्रियाले आम तहमा रहेर दु:ख पाएका पार्टीका धेरै साथीहरूलाई पार्टीमा निष्पक्ष मूल्याङ्कन र न्याय हुँदैन की भन्ने ठूलो संशय छ । पार्टी संचालनमा आन्तरिक लोकतन्त्रको उपेक्षाले हाम्रा आदर्श, सिद्धान्त, संकल्प र समर्पण सबै पक्षलाई एकदमै कमजोर बनाइदिएको छ ।
- पार्टी इलेक्सन मेसिनजस्तो बनेको छ । पार्टीको अभिमुखीकरण नै चुनावदेखि चुनावसम्म जस्तो भएको छ । 'कांग्रेस कि पार्टीको चुनाव आएपछि जुर्मुराउँछ कि आमचुनाव आएपछि' भन्ने कहावत नै बनेको छ; पार्टीमा लाग्नु भनेको निर्वाचनमा मत दिन र चुनाव जित्नको लागि भन्ने मान्यताले जरो गाड्दै गएको छ । तर चुनावलाई यत्रो महत्व दिँदा पनि चुनाव जितेपछि के गर्ने भन्नेमा भने पार्टीमा व्यापक अलमल छ ।
- पार्टी अनुशासन र जवाफदेहीता चुनावका बेला मात्रै उठ्छ । अनुशासनलाई अनुकूलतामा

व्याख्या गर्ने परिपाटी र चुनावमा असहयोग गरेकामध्ये आवश्यकता अनुसार कसैलाई कारवाही फिर्ता तर कसैलाई भने यथावत गर्ने तजबिजी न्यायले व्यापक असन्तुष्टि सिर्जना भएको छ ।

- तोकिएको समयमा तोकिएको जिम्मेवारी पुरा नगर्नु पनि अनुशासन उल्लङ्घन हो, तर त्यसको जवाफदेहिता छैन । काम गर्नेलाई प्रोत्साहन र नगर्नेलाई सजाय नहुँदा काम गर्नेको उत्साहमा कमी हुँदैजानु स्वभाविक छ ।
- पार्टीमा स्थापनाकाल र प्रतिबन्धित कालमा संघर्ष गरेको पुस्तादेखि आजको नयाँ पुस्तासम्म क्रियाशील छ । आकांक्षा धेरैको छ, तर अवसर कम छ । संघर्ष गरेको तर कुनै अवसर नपाएका साथीहरूको संख्या ठूलो छ । अर्कोतर्फ काम गरेर आफूलाई प्रमाणित गर्न आएको नयाँ सदस्य जिम्मेवारी सहित काम गर्न चाहान्छ । यसको व्यवस्थापन आफैंमा चुनौतीपूर्ण त छँदैछ, तर भएको अवसरको वितरण पनि न्यायसंगत हुन नसकेको अनुभूति पार्टी पङ्तिले गरेको छ । पार्टीमा कतै पद छ जिम्मेवारी छैन, कतै समिति छ काम छैन अनि कतै चाहिँ जिम्मेवारीमा दोहोरोपन छ । कतिपय क्षमतावान साथीहरूलाई पद र जिम्मेवारी दिन नसक्दा निष्क्रियता बढेको छ ।
- पार्टीभित्र एकथरीले मात्र अवसर पाइरहेको, अवसरमा न्यायोचित वितरण हुनसकेको, समावेशी ढङ्गले समान रुपमा अवसरमा पहुँच हुन नसकेको, आरक्षणमा समेत जसले पाउनुपर्ने हो त्यो तप्कालाई नै न्याय हुन नसकेको व्यापक गुनासो छ ।
- पार्टीभित्र अनुभवदेखि दक्षताले पूर्ण सदस्य, समर्थक र शुभेच्छुकको संख्या उल्लेख्य छ, तर पार्टीको औपचारिक संरचनाले त्यो व्यक्तिगत क्षमताको सदुपयोग गर्ने ठाउँ दिन सकिराखेको छैन ।
- सरकार र पार्टीको सम्बन्धमा सबै तहमा केही न केही समस्या छ । सरकारले गरेका कामको पार्टीबाट यथोचित प्रचार हुन सकेको छैन । पार्टीसँग समन्वय गरेर सरकारले काम गर्ने परिपाटी बन्न सकेको छैन । सरकार र पार्टीबीच समन्वय, सहयोग र सहजीकरण सही ढङ्गले नहुँदा एक-अर्कालाई बुझ्ने कुरामा नै समस्या भएको छ । यो समस्या अहिले उब्जेको समस्या पक्कै होइन । २०५१ सालमा सम्पन्न महासमितिको बैठकमा महामन्त्री महेन्द्रनारायण निधीले प्रस्तुत प्रतिवेदनमा भनिएको छ-"सरकार र पार्टीबिचको समन्वय गर्ने कुरा जतिसुकै सैद्धान्तिक तवरबाट हामीले गरेपनि त्यसमा संधै कमी नै देखियो । अब यसलाई व्यवस्थित गर्नुपरेको छ ताकि भोली यो अबस्था नआओस"। आज करिब ३० वर्ष पछि पनि हामीले त्यही विषयमा छलफल गर्नुपरेको छ र यो हाम्रा लागि झन पेचिलो बन्दै गएको छ ।
- पार्टीभित्र एकातर्फ इतिहासप्रति गौरव गर्ने अर्कोतर्फ आफ्नै पार्टीको नेतृत्वमा आफैले लडेर ल्याएको परिवर्तनलाई समेत प्रतिरक्षा गर्ने जाँगर नदेखाइरहेको विचित्रको अवस्था छ।

**आदरणीय साथीहरू !**

यो पृष्ठभूमिमा नेपाली कांग्रेसको विभिन्न तहका पार्टीका साथीहरूको विचार र विश्लेषण सुन्दा हामीमा प्रमुख रुपमा दुई किसिमका प्रवृत्ति देखिन्छ । पहिलो, आत्मनिन्दा र दोस्रो आत्मश्लाघा ।

पहिलो, पार्टीले जे गरिरहेको छ वा जे भइरहेको छ ठिक भइरहेको छैन भन्ने ठहर गर्छ । अब पनि केही हुँदैन कि भन्ने भय र चिन्ताले उसको आत्मविश्वास खस्किएको छ । विगतमा पार्टीले गरेका निर्णय र पछ्याएको बाटोका सन्दर्भमा पनि उसमा भएको लघुताभासका कारण प्राप्त उपलब्धिको समेत अपनत्व लिन ऊ धकाइरहेको छ । यो पङ्ति एकदमै द्विविधा, निराशा र आत्मनिन्दाले ग्रस्त छ।

अर्को, भर्खरै सम्पन्न निर्वाचनहरुमा विजय हासिल गरेर सबैभन्दा ठूलो पार्टी भएका छौं, हामी अभेद्य छौं, हाम्रा चुनौती साना छन् भन्ने अतिरेक आत्मश्लघाले ग्रस्त देखिन्छ । ऊ पार्टीका आन्तरिक समस्यालाई उपेक्षा गर्छ, बाहिर आएका कुरालाई बिरोधीहरूको प्रपोगण्डा मान्दछ र मूलतः पार्टीमा सबै ठिकठाक छ भन्ने ठहर गर्छ । पार्टीको सुदूर भविष्यसमेत सुनिश्चित भएकोमा ऊ ढुक्क छ ।

हाम्रो पार्टीभित्र यी दुवै अतिवादी प्रवृत्ति पार्टी संगठनका निम्ति अत्यन्तै घातक छन् । त्यसैले सबैभन्दा पहिले पार्टी यस्तो आत्मघाती प्रवृत्तिबाट अविलम्ब मुक्त हुन जरुरी छ ।

अब हामीले आत्मश्लाघा वा आत्मनिन्दा होइन, इमान्दारितापूर्वक आत्मसमीक्षा, आत्मनिरीक्षण र आत्मसंकल्प गर्नुपर्दछ ।

**आदरणीय साथीहरू !**

अहिलेसम्म हामीले संगठनभित्रका सदस्यहरूको अवस्था र मनोविज्ञानको चर्चा गऱ्यौं । तर पार्टी संगठनभन्दा बाहिर पनि उल्लेखनीय संख्यामा समर्थक-शुभेच्छुकहरू छन्, जसले हामीलाई मत र साथ मात्रै होइन उत्तिकै खवरदारी र भरोसा पनि दिने गर्छन् । तिनले न पार्टीको सदस्यता लिएका छन्, न त पार्टीको दैनिक गतिविधिमा नै संलग्न हुन्छन् । ती पार्टीको तहगत संरचनामा कतै जोडिएका छैनन् । औपचारिक सांगठनिक संरचनामा पार्टीले नचिन्ने तर स्वत:स्फुर्त रुपमा पार्टीको पक्षमा वकालत गरिरहने त्यो पङ्तिका लागि नेपाली कांग्रेस मूलतः एउटा विचार हो । तिनका लागि उदार लोकतन्त्रका मूल्य मान्यतामा कुनै सम्झौता नगर्ने, व्यक्तिगत स्वतन्त्रताको संरक्षण गर्ने, पेशागत स्वतन्त्रता र लोकतन्त्रको पहरेदार पार्टी हो कांग्रेस । आफ्नो विचारको प्रतिनिधि शक्तिको रुपमा नेपाली कांग्रेसप्रति त्यो पङ्तिको सुभेच्छा र समर्थन छ । त्यो स्नेह र भरोसा कहिले मतदाताको रुपमा त कहिले जन परिचालकको रुपमा प्रकट हुनेगर्छ ।

हाम्रो संगठनको संरचना कति बलियो र कमजोर छ भन्ने कुरामा त्यो पङ्तिको धेरै चासो छैन् । नेपाली कांग्रेसले लोकतान्त्रिक मूल्य मान्यताको संरक्षण गर्दा त्यो पङ्ति खुलेर कांग्रेसको पक्षमा वकालत गर्छ । ती आदर्शको मूल्यमा सम्झौता भयो भने उसले असाध्यै चित्त दुखाउँछ । समर्थक-शुभेच्छुकहरू त्यो पङ्ति कांग्रेसको ठूलो सामर्थ्य हो । नेपाली कांग्रेस कमजोर छ वा बलियो भन्ने आम धारणाको निर्माणमा यही समुहको महत्वपूर्ण भूमिका हुन्छ, उसैले त्यस्तो मानक निर्माण गर्छ ।

तिनको धारणाले परिवारभित्र र समुदायमा मात्र होइन पार्टीकै सदस्यलाई समेत प्रभावित पार्छ । त्यसैले यो पङ्ति नेपाली कांग्रेसका लागि केवल मतदाता मात्र होइन पार्टीको दिशानिर्देशक शक्ति पनि हो ।

२०६२/०६३ मा यो पङ्तिले यो व्यबस्था ल्याउनका लागि हाम्रा एजेण्डामा खुलेर साथ दियो, २०७२ मा लोकतान्त्रिक संविधान निर्माण गर्न र २०७४ पछि नेकपाको सरकारले संविधान र लोकतान्त्रिक मूल्य मान्यतामाथि आक्रमण गर्दा हाम्रो आन्दोलनलाई साथ दियो । यतिबेला यही व्यबस्थामा हाम्रो पार्टी निर्वाचन जित्दा झन ढुक्क हुनुपर्नेमा जस्तो सुकै प्रतिकुलतामा पनि कांग्रेसको साथ नछोडेको समर्थक र शुभेच्छुकहरू त्यो पङ्तिमा समेत केही अलमल, द्वीविधा र संशय देखिन्छ।

- नेपाली कांग्रेस पार्टीका निम्ति निर्वाचन पूर्व पार्टीले विशिष्ट परिस्थितिमा गर्नुपरेको गठबन्धन राजनीतिक परिस्थितिजन्य बाध्यता वा रणनीतिक विषय हो तर समर्थक र शुभेच्छुकले भने त्यसलाई कांग्रेसको वैचारिक क्षयीकरणको रुपमा बुझे र पार्टीसँग रुष्ट बने ।
- समर्थक र शुभेच्छुकहरू कांग्रेसले उदार लोकतन्त्रका आधारभूत मूल्य मान्यता, विधिको शासन, वैयक्तिक स्वतन्त्रता लगायतमा निर्णायक अडान लिन्छ; कुनै पनि अवस्थामा ती विषयमा सम्झौता गर्दैन, झन क्षणिक सत्ता स्वार्थका लागि त गर्नै सक्दैन भन्ने विश्वास राख्छन् । पार्टीले विगतमा गरेका कैयन निर्णयलाई पार्टी सदस्यले बाध्यताको रुपमा लिए पनि समर्थकको ठूलो तप्कालाई भने कांग्रेसले कतै आफ्नो मूल्य मान्यतामा नै सम्झौता गर्न त थालेन भन्ने संशय र गुनासो छ ।
- सुशासनका सन्दर्भमा कांग्रेस जसरी खरो उत्रन पर्थ्यो त्यो हुन सकेन भन्ने अर्को गुनासो छ । हाम्रा समर्थक र शुभेच्छुक साथीहरूमा खासगरी यसबीचमा भ्रष्टाचार नियन्त्रण, राज्य संस्था र संयन्त्रको संस्थागत विकासमा कांग्रेसबाट जस्तो अडानको अपेक्षा गरेका थिए त्यस अनुरूप भएन भन्ने लागेको छ ।
- तीनवटै तहमा सरकारमा कांग्रेस छ तर सेवाप्रवाहमा कांग्रेसले तदारुकता देखाएको महसुस हुन सकेन भन्ने ठानेको छ । वेथिति विसंगतिको अन्त्य गर्दै सहज सेवा प्रवाहमा कुनै तात्विक भिन्नता नपाउँदा त्यसमा कांग्रेसको प्रभावकारी भूमिकाको अपेक्षा गर्ने त्यो तप्कामा एककिसिमको छटपटाहाट देखिन्छ ।
- उदार लोकतान्त्रिक प्रणालीको मर्म विपरीत राज्यका सम्पूर्ण निकायहरूको दलीयकरणबाट समग्र नेपाली समाज नै आजित भइसकेको छ । विश्वविद्यालय, प्रतिष्ठान, आयोगदेखि न्यायालयसम्म दलीय भागवण्डाले गिजोलिएर थलिएका छन् । यस्तो अवस्थामा भागवण्डा रोकेर राज्यका निकायको सबलीकरणमा लाग्नुपर्नेमा कांग्रेसबाट त्यो अग्रसरता कम भयो वा प्राथमिकतामा परेन भन्ने ठानेको छ ।
- पछिल्लो समय प्रोपोगण्डाको राजनीतिले सिर्जना गरेको 'विगतमा केही पनि भएन' भन्ने भाष्यले आम जनता र खासगरी समर्थक शुभेच्छुकहरूलाई समेत दिग्भ्रमित बनाएको छ । विगतमा गरेका

राम्रा कामहरूको सही ढङ्गले सम्प्रेषण गर्न नसक्दा आजसम्म केही पनि भएन, इतिहासका संघर्ष र उपलब्धिहरू सब निरर्थक हुन् भन्ने गलत भाष्य निर्माण गर्न खोजिएको छ । हुँदाहुँदा कतै यो परिवर्तन गरेर हामीले गल्ती नै पो गऱ्यौं कि भनेर यदाकदा पार्टी भित्रकै सानो तप्काले देखाउने द्विविधा र लघुताभासले त्यस्तो प्रोपोगण्डालाई थप मलजल गरेको छ ।

**आदरणीय सभापतिज्यू तथा साथीहरू !**

यसरी कुनै पार्टीसँग तुलना नै हुन नसक्ने विशाल राजनीति विरासत र समावेशी सांगठनिक संरचना, श्रेष्ठ विचार र त्यसको नेतृत्व, निर्वाचनबाट सवैभन्दा ठुलो दल बनेर सबै तहका सरकारमा हुँदा पनि पार्टी संगठनभित्र नेता, कार्यकर्ता र सदस्यहरूमा नै केही अलमल देखिएको जस्तै पार्टीबाट कहिल्यै निजी लाभ नखोज्ने समर्थक, शुभेच्छुक र मतदाताको पङ्तिमा पनि केही अलमल, द्वीविधा र निराशा देखिएको छ । उत्साह मात्र हुनुपर्नेमा उकुसमुकुस र अलमल पनि छ । यो मनोदशाका बारेमा माथि चर्चा गऱ्यौं । यसलाई वेवास्ता गरेर हुँदैन । यस्तो अबस्थामा हामीले केही गर्नु नै पर्छ । जसले यो अलमलमा रहेका पार्टीका साथीहरूमा ऊर्जा र उत्साह भर्न सकोस, द्वीविधामा रहेका हाम्रा शुभेच्छुकलाई भरोषा र विश्वास दिन सकोस् ।

नेपाली कांग्रेस त्याग र संघर्षको गौरवशाली इतिहास मात्र होइन, लोकतन्त्रको रक्षाका लागि निरन्तर अग्रमोर्चामा उभिएर मुलुकलाई हरेक संकटबाट मुक्त गर्ने नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको क्षमता र साहस भएको पार्टी हो । आज हाम्रा सामु उपस्थित निराशा र अलमललाई चिर्ने र तमाम समस्यालाई संवोधन गर्ने सामर्थ्य हाम्रो पार्टीसंग छ । हामीले बनाएको संविधान, निर्वाचनमार्फत जनताले हामीलाई कांग्रेसले गर्छ भनेर दिएको भरोसालाई बलियो आत्मविश्वासका रुपमा लिएर अगाडिको स्पष्ट र उज्यालो बाटो देखाउने गुरुत्तर जिम्मेवारी हाम्रो हो । सत्तामा दायाँबायाँ को छ र कसले के भन्छ भनेर होइन यो परिवर्तनको संस्थापन हामी हो र यो व्यवस्थालाई संस्थागत गर्दै अबस्था बदल्ने दायित्व पनि हाम्रै हो भन्ने मनन गर्नु छ । हिजो जस्तो सुकै संकटमा पनि हाम्रो पार्टी र नेतृत्वले समाधान र ऊर्जा र भरोषा दिएको इतिहास साक्षी छ । फेरी त्यही आत्मबलका साथ माथि उल्लेखित पार्टीका यावत सबलतालाई कायम गर्दै अगाडि बढ्नुपर्दछ । त्यसका लागि हामीले केही तत्काल सुधार गर्नुपर्ने विषय छन् केही थप छलफल र परिमार्जनका विषय छन । ती केही विषयका सन्दर्भमा चर्चा गर्न चाहान्छु ।

****

## तत्कालको कार्यदिशा

आदरणीय सभापतिज्यू, तथा साथीहरू !

म पहिला हाम्रा समर्थक, शुभेच्छुक र लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिबद्ध जनसमुहको चर्चा गर्छु । हाम्रो सामु तिनको आक्रोश र निराशालाई पार्टीको विचार, नेतृत्व र कार्यशैलीबाट आशा र ऊर्जामा परिणत गर्नुपर्ने चुनौती छ । मूलतः पार्टीले लिने विचार र यसको नेतृत्वको छविका आधारमा नै यो

पङ्तिले आफ्नो धारणा बनाउने हो। संगठन संरचना र सदस्य संख्याले तिनलाई खासै प्रभाव पार्दैन। यस्तो बेला पार्टीको विचार र एजेण्डा स्पष्ट हुनुपर्छ र उनीहरूसंग पार्टी नेतृत्वले नै संवाद गर्न अघि सर्नुपर्छ। तिनलाई आफ्ना एजेण्डा बुझाउनुपर्छ, कतिपय हाम्रा सीमाको वारेमा वताउनुपर्छ। यस सन्दर्भमा तत्काल **केही संकल्प** गर्न सकियो भने यो पङ्तिको टुट्दै गएको भरोसालाई पुनर्स्थापित गराउने छ।

- एउटा विशिष्ट राजनीतिक परिस्थितिमा संविधानको रक्षाका लागि नेपाली कांग्रेसले निर्वाचन अगाडि गठबन्धनको नेतृत्व गर्नुपर्‍यो। गत निर्वाचनमा नेपाली कांग्रेसले पाँच वर्षको लागि गठबन्धन सहित मत मागेकोले यो अवधिसम्म जनतासँगको बाचा र अन्य साझेदार दलहरूसँगको सम्झौता बमोजिम राजनीतिक इमानदारी प्रदर्शन गर्नुपर्छ, गर्छौं। हाम्रो निर्वाचन प्रणालीको सीमाले गर्दा कुनै पनि दलले बहुमत प्राप्त नगरेको अबस्थामा निर्वाचन पछाडि निश्चित साझा नीति तथा कार्यक्रममा बनाएर सरकार सञ्चालनका लागि तालमेल गर्ने कुरा स्वभाविक हुनसक्छ तर निर्वाचनपूर्वको गठबन्धन संस्कृति लोकतन्त्रमा नियमित राजनीतिक अवस्था नभएर एउटा बाध्यात्मक परिस्थितिको उपज थियो भन्ने कुरालाई मनन गर्दै हामी संकल्प गर्छौं कि- 'नेपाली कांग्रेसले भविष्यमा हुने आवधिक निर्वाचनहरूमा निर्वाचन पूर्व गठबन्धन (प्रिइलेक्सन एलायन्स) गरेर अब कहिल्यै आफ्ना मतदातालाई अन्य कुनै दलको चुनाव चिन्हमा मत हाल्ने अवस्था सिर्जना गर्ने छैन'।
- आदर्शका लागि जीवनपर्यन्त कठोर संघर्ष गरेका, प्राण आहुती दिएका अथक योद्धाहरूले जन्माएको पार्टी नेपाली कांग्रेसले कुनै पनि निर्णय गर्दा तिनै अग्रजहरूको बलिदानलाई स्मरण गर्दै तत्काल कुनै अप्ठ्यारा र चुनौती आएपनि वा पार्टीले क्षति नै बेहोर्नुपरे पनि लोकतान्त्रिक मूल्य मान्यता, राष्ट्रियता, राष्ट्रिय स्वाभिमान र विधिको शासन लगायतका आधारभूत मान्यतामा कहिल्यै सम्झौता गर्ने छैन।
- संघ र प्रदेशहरुमा सरकार साझेदारी र ३३२ स्थानीय तहको सरकारको नेतृत्व गरेको नेपाली कांग्रेसले सेवा प्रवाहलाई चुस्त बनाउँदै शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, उद्यममा सुधार र सकारात्मक भविष्यको अनुभूति नागरिकलाई कसरी गराउने भन्नेमा पार्टीले गम्भिरतापूर्वक प्राथमिकता दिनेछ। नागरिकको जीवनमा सकारात्मक परिवर्तन ल्याउने यस्ता क्षेत्रगत स-साना कार्यले देशलाई समुन्नतितिर लान्छ नै, नेपाली कांग्रेसको जनमुखी परिचय पनि स्वत: स्थापित गर्छ भन्नेमा कांग्रेसलाई गहिरो विश्वास छ।
- पार्टीले भ्रष्टाचारमा, महिलामाथी हुने हिंशा, सामाजिक विभेद, छुवाछुत लगायतमा शून्य सहनशीलताको नीति अंगिकार गर्नेछ। अपराधमा संलग्न दोषी छ भने जस्तोसुकै शक्तिशाली र प्रभावशालीले पनि उन्मुक्ति पाउनु हुँदैन, तर निर्दोष छ भने कुनै जात, लिङ्ग, समुदाय, परिवार वा दलसँग जोडिएका आधारमा पनि अन्यायमा पर्नु हुँदैन भन्ने मान्यता पार्टीले अडिग रहनेछ। अख्तियारको दुरूपयोग, भ्रष्टाचार, आर्थिक अनियमितता, सार्वजनिक पदको

दुरुपयोग जस्ता विगतमा भएका अन्य मुद्दाहरूको पनि निष्पक्ष अनुसन्धान र छानबिन गरी दोषीलाई कारवाही गर्न र सुशासन कायम गर्न दृढतापूर्वक नेपाली कांग्रेसले नेतृत्व गर्नेछ । सुशासन र सेवा प्रवाहमा नेपाली कांग्रेसले अग्रसरता लिनेछ । राज्यका संस्थाहरूमा दलीयकरण होइन संस्थाहरूको सबलिकरण पार्टीको प्राथमिकता हुनेछ ।

तत्कालका लागि हामीले यति गर्न सकियो भनेमात्र पार्टीका समर्थक, शुभेच्छुक र लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिबद्ध जनसमुहको पुरानै स्नेह र भरोसा प्राप्त हुनेछ ।

**आदरणीय साथीहरू !**

नेपाली कांग्रेस पार्टीको समर्थक र शुभेच्छुकको ठुलो पङ्क्तिको संशय र द्वीविधालाई कसरी हटाउन सकिन्छ भन्ने बारेमा माथि चर्चा गर्‍यौँ । अब पार्टी संगठनभित्रका मुद्दाहरूमा तत्काल के गर्ने र सदस्यहरूमा व्यक्त अलमललाई हटाएर कसरी उत्साह र ऊर्जा भर्न सकिन्छ भन्ने बारेमा यस खण्डमा चर्चा गर्नेछु ।

बिपी कोइरालाले भन्नु भएको छ,- “पार्टी संगठन र शक्तिको प्रमुख आधार त्यसका सदस्यहरू हुन । प्रत्येक सदस्यले आफूलाई पार्टीको जिम्मेवार व्यक्ति भनि ठान्नुपर्दछ र आफुमा यस्तो विश्वास हुनुपर्दछ कि देशको नयाँ जीवनको निर्माण आफ्नो हातबाट हुन लागिरहेको छ”।

पार्टीका प्रत्येक सदस्य स्वयंको जिम्मेवारीबोध र आत्मविश्वास त चाहिन्छ नै त्यसका लागि पार्टीभित्रको संगठन संरचना र कार्यशैलीमा केही ठोस बदलाब अपरिहार्य छ । अत हामीले तत्काल गर्नुपर्ने र गर्न सकिने सुधार र कार्ययोजनाको बारेमा केही प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**१. मिसनमा प्रष्टता :**

हाम्रो आफ्नै दृष्टान्तले देखाउँछ- संगठनलाई चलायमान र ऊर्जाशील बनाउनको लागि स्पष्ट मिसन चाहिन्छ । मिसनमा स्पष्टता भएन भने पार्टीले निर्वाचन जितेर मात्र त्यो संगठन ऊर्जाशील हुन सक्दो रहेनछ । माथि नै चर्चा गर्‍यौँ २००३ सालमा पार्टी गठन गर्दा हाम्रा अग्रजहरूले राणाशाहीको अन्त्य र प्रजातन्त्रको स्थापनालाई ध्येय बनाउनुभयो, २०४६ सालमा पञ्चायतको अन्त्य र प्रजातन्त्रको पुनर्स्थापना हाम्रो ध्येय थियो, २०६२/०६३ पछि शान्ति प्रक्रिया र संविधानसभाबाट लोकतान्त्रिक संविधान पार्टीको मिसन बन्यो । यिनै मिसनले पार्टीका सदस्यलाई दु:ख, संघर्ष र जोखिमलाई समेत साहास र समर्पणका साथ सहजै आत्मसात गर्ने ऊर्जा दियो । यी सबै राजनीतिक मिसन प्राप्तिसँगै अब पार्टीको मिसन समुन्नत नेपाल निर्माण हो । जसरी विगतमा पार्टी मिसनमा स्पष्ट थियो; प्रत्येक सदस्यमा त्यो मिसन पूरा गर्ने अठोट र समर्पण थियो त्यसरी नै एउटा सङ्कल्पमा बाँधिएर हामीले यो संविधानको आधारशीलामा समुन्नत नेपाल : सम्मानित नेपालीको हाम्रो मिसनलाई पूरा गरिछाड्ने आत्मविश्वासका साथ संगठनलाई अगाडी वढाउनु पर्ने छ ।

**यसका लागि**

- हाम्रै नेतृत्वमा बनेको संविधान छ, निर्वाचन जितेर ३३२ स्थानीय सरकारमा नेतृत्वमा छौँ, प्रदेशहरूमा  सरकारको नेतृत्व र प्रमुख साझेदार छौँ, सङ्घीय सरकारमा छौँ। अत: यो बेलामा कुनै लघुताभास लिएर वा रक्षात्मक भएर होइन उच्च मनोबलका साथ हाम्रो नेतृत्वमा भएका तमाम आन्दोलनको उपलब्धिमा गौरव गर्दै हामीले बनाएको संविधानको स्वामित्व लिने र यसको कार्यान्वयनको नेतृत्व गर्ने।
- गत महाधिवेशनपछि हामीले 'समुन्नत नेपाल' को दृष्टिकोणलाई नै पार्टीको निर्वाचन घोषणापत्र र दस्तावेजमार्फत अगाडि बढाएका छौँ। संविधानले परिकल्पना गरेको सबैको अधिकार, समता र समभावलाई व्यवहारमा अनुवाद गर्न यो संविधानको रक्षा, यसकै जगमा आजका तमाम चुनौतीको संबोधन गर्दै समून्नत नेपाल : सम्मानित नेपालीको लक्ष्य अनुरूप हाम्रा राजनीति, आर्थिक, सामाजिक नीति, परराष्ट्र नीति  तथा क्षेत्रगत प्राथमिकता र सो आधारमा कार्यक्रम तय गर्ने।
- समुन्नत नेपालको मिसन गुणस्तरीय शिक्षा, मिसन सुलभ र गुणस्तरीय स्वास्थ्य, मिसन मर्यादित रोजगारी, मिसन सामाजिक रुपान्तरण लगायतका क्षेत्रगत मिसन र कार्यक्रममा पार्टीले सरकारमा कसरी प्रभावकारी काम गर्ने र सरकार बाहिर यो सन्दर्भमा पार्टी संगठनको भूमिका के हुने स्पष्ट मार्गचित्र बनाउने। पार्टीका कार्यक्रममार्फत सिङ्गो पार्टी पङ्तिलाई जोड्ने।

## २. विधानको परिपालन

बिपी कोइरालाले भन्नुभएको थियो, "पार्टीको संगठन ठीक पार्ने हो भने हामी सबैमा पूर्ण रूपमा विधानको पालना गर्ने बानी हुनुपर्दछ। पार्टीका दैनिक जीवनका कार्य सुचारु रूपले सम्पन्न भइरहेको हुनुपर्दछ।" पार्टीको हरेक विषयको निर्णय, व्यवस्थापन, कार्यान्वयन र निरूपण गर्ने आधार पार्टी विधान नै हुनुपर्दछ।

नेपाली कांग्रेसको विधानले आन्तरिक लोकतन्त्रको अभ्यासका लागि निकै सुन्दर व्यवस्था गरेको छ। सबै तहलाई समयबद्ध जिम्मेवारी तोकेको छ। कुन समितिले कुन काम कहिले र कसरी गर्ने भनेर विधानमा निर्दिष्ट गरिएका व्यबस्थाहरूलाई कार्यान्वयनमा लैजान सक्यो भने पार्टी संगठन मूलत: ठिक ठाउँमा रहन्छ।

**यसका लागि**

- विधान बमोजिम पार्टी सभापतिले प्रस्ताव गरी केन्द्रीय कार्य समितिले टुङ्ग्याउनु पर्ने जिम्मेवारीमा रहेका समितिहरूको गठन,प्रतिष्ठान र विभागको गठन लगायतका कार्यलाई अबिलम्ब पूर्णता दिने। निश्चित कार्यविवरण बनाएर कार्यतालिका सहित जिम्मेवारी प्रदान गर्ने।

- विधानले केन्द्रीय कार्य समितिले गर्ने भनी तोकिएका नियमित बैठक, महासमिति बैठक, महाधिबेशन लगायत विधानसम्मत गर्नुपर्ने सबै जिम्मेवारी कार्यतालिका बनाइ विधानले निर्दिष्ट गरेकै समयमा गर्ने । महाधिबेशनको अन्तिम बर्ष विधानको प्रावधान निलम्बन गरेर क्रियाशील सदस्यता वितरण गर्ने अभ्यास बन्द गर्ने । विधान बमोजिम नियमित सदस्यता वितरण गरी २०८२ मंसिरमा पार्टीको १५औं महाधिवेशन सम्पन्न गर्ने । (*महाधिवेशनको प्रस्तावित कार्यतालिका अनुसूची १ मा छ।*)

- केन्द्रीय कार्यसमितिले विधानले निर्दिष्ट गरेका काम पूरा गरी मातहतका सम्पूर्ण समितिलाई विधानले निर्दिष्ट गरेको काम तोकिएको समयमा नै गराउने र सोको गरी कार्यतालिका र संयन्त्र बनाउन लगाउने ।

- प्रत्येक समतिलाई विधान अनुरूप निर्दिष्ट गरिएका सदस्यता वितरण, नवीकरण, अभिलेखीकरण, बैठक, सम्मेलन, भेला, सामाजिक अभियान, जागरण, जनप्रतिनिधि संवाद, नागरिक संवाद, पार्टी सदस्यसँग छलफल लगायतका काम, कर्तव्य अधिकार पूरा गरे नगरेको सम्बन्धमा उक्त समितिभन्दा एक तह माथिको समितिले अनुगमन गर्ने । अनुगमन गर्ने समितिले तोकिए बमोजिमको ढाँचामा मूल्याङ्कन विवरण त्रैमासिक रूपमा माथिल्लो तहलाई बुझाउनै पर्ने व्यवस्था गर्ने।

## ३. जिम्मेवारी र जवाफदेहिता

विधानत: पार्टी सदस्य, टोल कार्य समिति, वडा कार्य समिति, गाउँ/नगर कार्य समिति, प्रदेशसभा क्षेत्रीय कार्य समिति, प्रतिनिधिसभा क्षेत्रीय कार्य समिति, जिल्ला कार्य समिति, प्रदेश कार्य समिति र केन्द्रीय कार्य समितिसम्मका आ-आफ्ना जिम्मेवारी छन । विभिन्न पदहरू र जिम्मेवारी छन् । 'हरेक हातलाई काम हरेक काँधलाई जिम्मेवारी' भन्ने मान्यता अङ्गिकार गर्दा नै पार्टी विधानले सिर्जना गरेका तह, पद र जिम्मेवारीको सार्थकता हुन्छ । अत:

**यसका लागि**

- विधानले काम, कर्तव्य र अधिकार स्पष्ट तोकेका विभिन्न तहका पदहरूको हकमा त्यसको थप व्याख्या गरेर व्यक्तिगत कार्यविवरण बनाउने र सो अनुसार काम गर्ने, गराउने । उक्त कार्यविवरणको आधारमा तोकिएको स्वमूल्याङ्कन फारम त्रैमासिक रूपमा आफ्नो कार्य समितिमा बुझाउने । उक्त कार्य समितिले हरेक जिम्मेवारप्राप्त व्यक्तिको कार्यविवरण र स्वमुल्याङ्कन फारमको अभिलेख राख्ने ।

- पार्टीमा हाल ८ लाख ६९ हजार ५५१ क्रियाशील सदस्य मध्ये १ लाख १४ हजार ५ सय २५ निर्वाचित क्षेत्रीय प्रतिनिधि हुनुहुन्छ। जसमा करिब ४० प्रतिशत महिला सहित समावेशी सहभागिता छ। ती मध्ये केही हजार साथीहरूले मात्रै टोलदेखि केन्द्रसम्म कुनै न कुनै तहको कार्यकारी पदको जिम्मेवारी पाउनु भएको छ अरुको निर्दिष्ट जिम्मेवारी छैन् । । ४७४३ महाधिवेशन प्रतिनिधि मध्ये केहीले जिम्मेवारी पाउनुभएको छ बाँकी जिम्मेवारी विहिन हुनुहुन्छ । विधानले महाधिवेशन प्रतिनिधिको कामको व्यवस्था गरेको छ तर अष्पष्ट छ । कार्यकारी पदीय जिम्मेवारीमा नरहेका क्षेत्रीय प्रतिनिधि, महाधिवेशन प्रतिनिधि तथा केन्द्रदेखि  वडासम्म संगठन संरचनाभन्दा बाहिर रहेका ऊर्जावान साथीलाई नियमित गतिविधि बाहेक देहाय बमोजिमको विशेष जिम्मेवारी दिई कार्यविवरण सहित पार्टी संगठनको गतिविधिमा क्रियाशील बनाउने।
    - प्रचारक
    - अनुगमक
    - विस्तारक
    - संगठक
- पार्टीको माथिल्लो तहले मातहतको तह र सदस्यको मुल्याङ्कन गर्दा विधान बमोजिम प्राप्त जिम्मेवारी पूरा गरे नगरेको हेर्ने र 'कामको आधारमा मूल्याङ्कन र कार्यक्षमताको आधारमा जिम्मेवारी' भन्ने मान्यताका साथ थप जिम्मेवारी दिने पद्धतिको विकास गर्ने।

## ४. सांगठनिक कार्यतालिका

पार्टीको हरेक तहको समयवद्ध कार्यतालिकाले आन्तरिक लोकतन्त्र सुदृढ गर्न र विधानसम्मत पार्टी सञ्चालन गर्न तथा संगठनलाई चलायमान बनाउन महत्वपूर्ण सहयोग पुऱ्याउँछ; पार्टीलाई गतिशील वनाउँछ । कार्यतालिकाले पार्टी सदस्यलाई आफूले के गर्ने, कहिले गर्ने भन्ने पूर्व जानकारी हुन्छ र त्यसै अनुरूप  क्रियाशील बनाउँछ। पार्टीभित्र सामूहिकताको भावना बढ्छ र पार्टीभित्र मूल्याङ्कनको एउटा महत्वपूर्ण आधार बन्छ।

**यसका लागि**

- केन्द्रीय कार्यसमितिले वार्षिक कार्यतालिका बनाई ५० प्रतिशत सांगठनिक र ५० प्रतिशत संगठनको नियमित गतिविधि बाहेक अन्य अतिरिक्त गतिविधि र सामाजिक कार्यसहितको समय तालिका बनाएर कार्य प्रारम्भ गरिसकेको छ। यसलाई थप व्यवस्थित बनाइ प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने।

- हरेक तहका कार्यसमितिले आफूभन्दा माथिल्लो तहका समितिहरूको कार्यतालिकालाई समेत मध्यनजर गरी आफ्नो वार्षिक कार्यतालिका बनाउने । कार्यतालिका बनाउँदा ५० प्रतिसत सांगठनिक गतिविधि र ५० प्रतिसत सांगठनिक बाहेकका अन्य गतिविधि गर्नेगरी बनाउने ।

## ५. बहस, संवाद र प्रशिक्षण

पार्टी समाजसँग जोडिएको हुन्छ । कतिपय मुद्दामा पार्टीले समाजलाई डोऱ्याउँछ भने कतिपय विषयमा समाजले पार्टीलाई मार्गनिर्देश गर्छ । पार्टीले समाजसँग सिक्ने हो र मार्गदर्शन पनि गर्ने हो। यसका लागि समाजका अनेकन मुद्दा र विषयमा बहस, संवाद, अन्तर्क्रिया निरन्तर आवश्यक हुन्छ ।

पार्टीका संस्थापक नेता तथा अग्रजहरू प्रतिकूल समयमा पनि जीवनभर जागरुक रहेर, समाजका ज्वलन्त विषयहरूमा अध्ययन, चिन्तन र संवाद गर्ने, बहस र छलफल गर्ने कार्यकर्ता दिक्षीत गर्ने र जनतालाई सुसूचित गर्ने संस्कृति बोकेको पार्टी हो नेपाली कांग्रेस । त्यसैले छलफल र बहस संस्कृतिलाई पुनर्स्थापित गर्नुपर्छ । पार्टीलाई समाज, समुदायसँगको बहस, संवाद, अन्तर्क्रिया विमर्शबाट ‘विचारको केन्द्र’ बनाउनु पर्दछ ।

**यसका लागि**

- पार्टीका हरेक तहका सम्मेलन, भेला र बैठकहरूमा नियमित कामहरू वाहेक विचार केन्द्रित छलफल, बहस गर्ने । यसरी बहस, छलफल गर्दा स्थानीय  राजनीतिक, समसामयिक, सामाजिक, सांगठनिक अबस्थाको विश्लेषणका साथै राष्ट्रिय समसामयिक मुद्दामा समेत नीतिगत छलफल गर्ने ।
- केन्द्रीय कार्यसमितिले कार्यतालिका अनुसार यस बर्ष पोलिसी ह्याकाथन, बिपी साहित्य महोत्सव जस्ता कार्यक्रम सम्पन्न गरिसकेको छ । अब सुवर्ण शमशेर इकोनमिक कन्क्लेबको तयारी हुँदैछ भने त्यसपश्चात् नवनिर्मित पुस्तकालय तथा स्रोतकेन्द्रमार्फत केन्द्रीय कार्यालयले नियमित मासिक रूपमा विषय विशेष नीति संवाद र विज्ञसँग वातचितका कार्यक्रमहरू गर्ने तयारीमा छ । उदाहरणका लागि अबको शिक्षा कस्तो हुनुपर्छ; स्वास्थ्य प्रणाली कस्तो आवश्यक छ, वैदेशिक रोजगारीको विषयलाई कांग्रेसले कसरी हेर्छ; हाम्रो विकासको मोडल कस्तो हो; हाम्रो अन्तराष्ट्रिय सम्बन्ध र विदेश नीति लगायतका नीतिगत विषय एवं सार्वजनिक चासोका विषयमा बहस संवाद गर्ने ।

- पार्टीको हरेक तहका कार्य समिति र भ्रातृ संघ तथा शुभेच्छुक संस्थाले केन्द्रले गरेका बहस, संवाद जस्तै कार्यतालिकामा नै समावेश गरेर निरन्तर विविध विषयमा विज्ञ मन्थन र छलफल शृङ्खला सञ्चालन गर्ने।
- पार्टीको नीति अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानलाई विषय विज्ञ सहितको पार्टीको थिंक ट्याङ्कको रुपमा विकास गर्ने र सो मार्फत निश्चित पाठ्यक्रम तयार गरी देहाय बमोजिमका प्रशिक्षण, तालिम र कक्षा सञ्चालन गर्ने।
    - **नयाँ सदस्यलाई अभिमुखीकरण :** पार्टीको सदस्यता लिएपछि अनिवार्य प्रशिक्षण लिने व्यवस्था गर्ने; जहाँ नेपाली कांग्रेसको सदस्य किन हुने ? कांग्रेसको इतिहास, आदर्श र विचार, कांग्रेसको 'समुन्नत नेपालको ध्येय के हो ? लगायत पार्टीको आर्थिक नीति, विकास नीति, सामाजिक नीतिका विषयमा पार्टीका सदस्यलाई प्रशिक्षित गर्ने।
    - **पुनर्ताजगी तालिम :** पार्टीमा क्रियाशील रहेका र नवीकरण हुने सदस्यलाई पार्टीको नीति, कार्यक्रम र प्राथमिकता र अद्याविधिक नीतिगत विषयबारे पुनर्ताजगी तालिम दिने।
    - **सिप र दक्षताको प्रशिक्षण :** पार्टीको संगठनभित्र कार्यकारिणी जिम्मेवारी लिन्छु भन्ने रुची राख्ने र कुनै पनि तहको कार्यसमितिमा जिम्मेवारी लिएपछि पार्टीको आधारभूत ज्ञान, प्रक्रिया, सिप र नेतृत्व विकासका लागि प्रशिक्षण गर्ने।
    - **जनप्रतिनिधि अनुशिक्षण :** पार्टीको तर्फबाट निर्वाचित स्थानीय, प्रदेश र संघीय जनप्रतिनीधिलाई अनुशिक्षण गर्ने।
- **पब्लिक पोलिसी स्कुल :** पार्टीको तर्फबाट जनप्रतिनिधि बन्ने आकांक्षा राख्ने वा स्थानीय, प्रदेश र संघीय सरकारमा कार्यकारी भुमिकामा जिम्मेवारी लिन चाहाने व्यक्तिहरूलाई उक्त जिम्मेवारीसंग जोडिएको आधारभूत तथा विषयगत ज्ञान, सिप र नेतृत्व विकासका लागि केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले फरक-फरक पाठ्यक्रम तयार गरी निर्वाचन भन्दा ६ महिना अगाडि त्यसको कक्षा अनिवार्य लिनुपर्ने व्यवस्था गर्ने।
- **अध्ययन कोष :** पार्टीले एक अध्ययन कोषको स्थापना गर्नेछ। सुभेच्छुक, सहयोगी, विभिन्न संस्थाको सोसियल कर्पोरेट रेस्पोन्सिविलिटी आदीबाट स्रोत ब्यबस्थापन हुनेछ। यस कोषमार्फत उदार लोकतन्त्र, राष्ट्रियता, संविधानका अन्तरवस्तु लगायतका विषयमा नियमित अध्ययन अनुसन्धान, स्कुलदेखि विश्वविद्यालयसम्मका विद्यार्थीलाई लक्षित गरी पुस्तक प्रकाशन लगायतको काम गर्नेछ।

## ६. सामाजिक आन्दोलन

नेपाली माटोमा भएका सबै सामाजिक आन्दोलन र जागरणको प्रारम्भकर्ता, प्रणेता भएको र सामाजिक विभेद विरुद्धका सबैखाले अभियानमा कांग्रेस अग्रपङ्क्तिमा रहेको गौरवपुर्ण इतिहास छ।

पार्टीको विधानमा पनि विभिन्न सामाजिक काममा पार्टी पङ्क्तिलाई जोड्ने, जनताको दुःख सुखमा सहभागी हुने, सामाजिक र परोपकारी कामहरू गर्ने विषयाई प्रधानताका साथ उल्लेख गरेको छ।

लाखौं कार्यकर्तालाई बिना कुनै पारिश्रामिक स्वयंसेवाको भाव लिएर एउटा निश्चित गतिविधिको लागि एकैपटक परिचालन गर्न सक्ने सामर्थ्य पार्टीले मात्र राख्दछ। आफ्नो सम्पत्ति, श्रम लगाएर सामाजिक कर्ममा लागेका थुप्रै पार्टी सदस्यहरू भेटिन्छ। पार्टीमा आबद्ध धेरै साथीहरू बिभिन्न सामाजिक संस्था र अभियानमार्फत पनि सामाजिक र स्वयंसेवी कर्ममा लागिरहेका छन। यस्ता अभियानलाई सँगठित गर्ने, व्यापक गराउने र पार्टी संगठनको अभिन्न अङ्ग बनाउन आवश्यक छ।

**यसका लागि**

- पार्टीका हरेक तहका कार्यसमितिले आफ्नो गतिविधिको ५० प्रतिशत काम संगठन भन्दा बाहेक गर्ने। जसमध्ये सामाजिक अभियान; जागरणको बहस, समुदाय र समुहसँग प्रत्यक्ष जोडिएर, समुदायलाई संलग्न गराएर गरिने कामहरू र सार्वजनिक सेवाका कामहरू गर्ने। हरेक सदस्यलाई रुची अनुसारको कुनै न कुनै सामाजिक काम, परोपकार वा श्रमसँग जोड्ने।
- समुदायमा कांग्रेस अभियान कुनै निश्चित समयका लागि कार्यक्रमको रूपम नलिएर नियमित अभियानको रूपमा विकास गर्ने। जनताका कुरा सुन्ने, आफ्ना कुरा बुझाउने, सेवा प्रवाह अबलोकन गर्ने, सरोकारवालासँग छलफल गर्ने र जनताका समस्या सुन्ने मञ्चको रूपमा यो अभियानलाई निरन्तरता दिने।
- प्रत्येक वडामा '**जय नेपाल सेवा अभियान'** गठन गरी सोमार्फत वडाभित्र सामाजिक र परोपकारी कार्य गर्ने। त्यसको लागि पार्टीले निश्चित कोष स्थापना गरी वडाभित्रका अति विपन्न, असहाय, व्यक्तिहरूलाई निरन्तर साथ सहयोग उपलब्ध गराउने। गरिब तथा जेहन्दार विद्यार्थीलाई अध्ययन, स्वास्थ्य समस्या भएकालाई स्वास्थ्य उपचारमा सहजीकरण र समन्वय गर्ने। वडाभित्रका प्रत्येक सदस्य कुनै न कुनै सामाजिक र परोपकारी काममा जोड्ने। वडामा हुने जात्रा, पर्व, मेला, जन्म, विवाह, मृत्यू संस्कार लगायत सामाजिक सांस्कृतिक संस्कार आदिमा उपस्थित हुने, समन्वय गर्ने, सहयोग गर्ने।

- प्रत्येक गाउँ नगर कार्यसमितिले '**गाउँ/नगर सेवा दल**' गठन गरी सो मार्फत विपद्को समयमा समुदायमा सहयोग गर्ने । गाउँ नगर कार्य समितिले तरुण दल लगायत भ्रातृ संघ र अन्य सम्बन्धित संस्था र निकायलाई समेत समन्वय गरी पार्टी, भ्रातृ संघ, शुभेच्छुक संस्था, विषय विज्ञसहितको सेवा दल बनाउने । सेवा दललाई विपद व्यवस्थापन सम्बन्धमा प्रशिक्षण गर्ने । विपदका लागि अत्यावश्यक पर्ने न्युनतम सामाग्रीको मौज्जाद राख्ने र कुनै पनि बेलामा विपद आउनसक्छ भन्ने मानेर तयारी अबस्थामा राख्ने ।

## ७. भ्रातृ संघ

भ्रातृ संघहरू पार्टीका अभिन्न अङ्ग हुन, पार्टी संगठनको जग हो, नर्सरी हो । ती स्वस्थ र प्रभावकारी भए मात्र पार्टीले ताकत प्राप्त गर्न सक्छ । नर्सरी नै फस्टाएन, अस्वस्थ भयो भने त्यसको उत्पादन अर्थात पार्टी गतिशील हुन सक्दैन । पार्टीलाई ऊर्जा दिन भ्रातृ संघहरू कार्य मुलक र प्रभावकारी हुनैपर्छ।

**यसका लागि**

- नेपाली कांग्रेस केन्द्रीय कार्य समितिको गत पौष १२ देखि १४ गतेसम्म भएको बैठकले निर्णय भएको मितिदेखि ६ महिनाभित्र अर्थात २०८१ असार १५ गतेभित्र महाधिवेशन सम्पन्न गर्ने कार्यादेश सहित तदर्थ समितिको अबधि थप गरेको छ । तोकिएको समयावधिमा नै भ्रातृ संघहरूको अधिवशन अनिवार्य रूपमा सम्पन्न गर्ने । त्यसको लागि पार्टीका हरेक तहले आवश्यक सहयोग पुर्‍याउने ।
- तोकिएको समयमा भ्रातृसंघहरूको अधिवेशन सम्पन्न गर्न निर्वाचन प्रयोजनका लागि केन्द्रीय निर्वाचन समितिलाई जिम्मेवारी दिने ।

## ८. शुभेच्छुक संस्था

शुभेच्छुक संस्थाले मूलत: पार्टी संगठन परिचालनमा सहयोग पुर्‍याउने र सम्बन्धित क्षेत्रका सन्दर्भमा पार्टीको विचार धारणा निर्माणका सहयोगी र विषय विज्ञ संस्थाको रूपमा काम गर्ने हो । शुभेच्छुक संस्थाको क्रियाशीलता र समुचित योगदानले पार्टीको दृष्टिकोण र कार्यक्रम निर्माण र संगठन परिचालनमा महत्त्वपूर्ण मदत पुग्छ ।

**यसका लागि**

- पार्टीले आफ्ना शुभेच्छुक संस्थासँग नियमित संवाद र अन्तर्क्रिया गर्ने । शुभेच्छुक संस्थासँग आबद्ध सदस्यहरूको यथार्थ विवरण अद्यावधिक गर्ने । शुभेच्छुक संस्थाको नियमित संस्थागत सांगठनिक गतिविधिको सुनिश्चितता गर्ने । त्यसका लागि आवश्यकता अनुसार पार्टीले सहयोग गर्ने ।

- पार्टीले जुन विषय र विधासँग सम्बन्धित सुभेच्चुक संस्था हो सोही अनुसार विषयगत र विधागत नीति, प्राथमिकता र कार्यक्रमका सन्दर्भमा जिम्मेवारी दिने ।
- शुभेच्छुक संस्थासँग जोडिएका र त्यस विधासँग सम्बन्धित विज्ञताको अभिलेख बनाई पार्टीको मूल अभिलेखमा राख्ने ।
- हाल शुभेच्छुक संस्थाको सदस्य नरहे पनि विभिन्न कालखण्डमा पार्टीको आन्दोलन र शुभेच्छुक संस्थाको स्थापना एवं उन्नयनमा योगदान गरेका व्यक्तिहरूको अभिलेख राख्ने ।
- शुभेच्छुक संस्थाले आफ्नो वार्षिक कार्यतालिका बनाई शुभेच्छुक संस्थासँग सम्बन्धित क्षेत्रगत र विधागत विषय र सरोकारका सन्दर्भमा पार्टी र संस्थाभन्दा वाहिर रहेका सरोकारवाला निकाय र व्यक्ति तथा विज्ञसँग नियमित 'संवाद, अन्तर्क्रिया गर्ने । उनीहरूका मुद्दाको बहस पैरवी गर्ने ।

## ९. नेपाली जनसम्पर्क समिति

हाल विश्वभर विभिन्न देशमा जनसम्पर्क समितिहरू मार्फत हजारौं सङ्ख्यामा कांग्रेसमा जोडिएका छन । हिजोका दिनमा नेपालमा रहँदा पार्टीका कुनै न कुनै संरचनामा रहेका र गतिविधिमा संलग्न रहेका बहुसंख्यक साथीहरू जनसम्पर्क समितिमा आबद्ध छन । पछिल्ला बर्षहरूमा युवाहरू संसारका विभिन्न देशमा जानेक्रम बढ्दो छ । जनसम्पर्क समितिलाई व्यवस्थित गर्न सक्दा यसले आफूलाई क्रियाशील बनाएर आफ्नो कार्यक्षेत्रमा रहेका नेपालीहरू जो नेपालमा कुनै पार्टीको सम्पर्कमा थिएनन् त्यस्ता धेरै नेपालीलाई संगठित गर्न सक्छ ।

**यसको लागि**

- जनसम्पर्क समितिको हालको सदस्यताको यथार्थ र पूर्ण विवरण तत्काल अद्यावधिक गर्ने।
- संगठन सञ्चालनको विधि विधानमा एकरूपता कायम गरी लामो समयसम्म विधानसम्मत अधिवेशन हुन नसकेका जनसम्पर्क समितिको अबिलम्ब अधिवेशन गरी व्यवस्थित गर्ने । जनसम्पर्क समितिलाई अन्य देशमा विस्तार गर्ने । जनसम्पर्क समितिहरूको विश्व सम्मेलन र क्षेत्रीय सम्मेलन गर्ने ।
- जनसम्पर्क समितिमा सदस्यता नलिएका तर पार्टी संगठनमा योगदान गरिरहेका र पदमा नरहे पनि विभिन्न ढङ्गले जनसम्पर्क समितिको स्थापना एवं उन्नयनमा योगदान गरेका व्यक्तिहरूको अभिलेख राख्ने ।
- विगतमा विभिन्न देशमा रहेर जनसम्पर्क समितिमा आबद्ध भइ योगदान गरेका र अहिले नेपालमा फर्किएका साथीहरूलाई पार्टीको कुनै न कुनै तहसँग जोड्ने र जिम्मेवारी प्रदान गर्ने ।

- प्रत्येक जनसम्पर्क समितिको वार्षिक कार्यतालिका बनाई सम्बन्धित क्षेत्र र सरोकारका विषय, गैरआवासीय नेपालीका मुद्दा, समस्या र समाधानका विषयमा जनसम्पर्क समितिभन्दा बाहिर रहेका नेपालीहरू जो विदेशमा आआफ्नो पेशा व्यवसायमा क्रियाशील छन उनीहरूसँग बहस, संवाद गर्ने र पैरवी गर्ने ।

## १०. समावेशीता

हाम्रो विधानले समावेशी प्रतिनिधित्वका सन्दर्भमा संविधानले गरेको व्यवस्था अनुसार सुन्दर प्रावधान समावेश गरेको छ यद्यपी त्यो नै पूर्ण होइन । समावेशीकरण, सहभागितामूलक निर्णय, सबै समुदायको पार्टीमा न्यायोचित प्रतिनिधित्व पार्टी रूपान्तरण र समावेशीकरणका दृष्टिले अहिलेका प्रमुख प्राथमिकता हुन् ।

**यसका लागि**

- पार्टी सदस्यता प्रदान गर्दादेखि नै सचेततापूर्वक संविधानको मर्म र भावना अनुरूप जरैदेखि समावेशीतको मन्त्रलाई आत्मसात गरी समुदाय, भूगोल, जनसङ्ख्या र त्यसभित्रको कलष्टर तथा अपाङ्गता र अल्पसंख्यकको समेत उपस्थिति हुनेगरी समावेशी बनाउने ।
- पार्टीको प्रत्येक तहले निर्णय र सोको कार्यान्वयन गर्दा समावेशी समानुपातिक प्रतिनिधित्व, निर्णय प्रक्रियामा पहुँच लगायतको संविधानको मर्म र पार्टीको मान्यता प्रतिविम्बित हुनेगरी गर्ने । अवसरको समतामुलक र न्यायोचित वितरण गर्ने ।

## ११. अभिलेख प्रणाली

पार्टीमा सबैखालको अभिलेख दुरुस्त हुँदा पार्टीको शक्ति, सामर्थ्य,सीमा र जिम्मेवारी थाहा हुन्छ । अभिलेख हुन्छ भन्ने भयो भने काम गर्नेलाई उत्प्रेरित गर्छ । सही व्यक्ति सही ठाउँको मान्यता स्थापित हुन्छ । पार्टीको निर्णय, अध्ययन र मूल्याङ्कनको लागि सन्दर्भ सामाग्री उपलब्ध हुन्छ।

**यसका लागि**

- पार्टीका प्रत्येक तहले विधान बमोजिम अनिवार्य रूपमा सदस्यता लगायतको अद्यावधिक अभिलेख राख्ने ।
- केन्द्रीय कार्य समितिले शुरू गरेको पार्टी सदस्यता र समितिको अभिलेख र प्रत्येक सदस्यको पूर्ण विवरण सङ्कलन गर्ने कार्यलाई थप व्यवस्थित बनाउने ।
- तहगत समिति, समितिका निर्णय र गतिविधि, अनुगमन तथा स्वमूल्याङ्कन प्रतिवेदनलाई अभिलेखीकरण गर्ने कार्यलाई अबिलम्ब सुरु गरी व्यवस्थित बनाउने ।

- सहिद  र सहिद परिवारका सदस्यको अभिलेख, परिवारको अबस्थाको विवरण, प्रजातन्त्र सेनानी, स्थापनाकालीन अग्रज र योद्धाको विवरण राख्ने कामलाई गति दिएर व्यवस्थित गर्ने।
- विभिन्न कालखण्डमा विस्थापित भएका, निर्वासनमा परेका, घाइते भएका, अपाङ्गत भएका योद्धा तथा सदस्यहरूको पूर्ण विवरण संकलन गरी व्यवस्थित गर्ने।
- पार्टीले विभिन्न समयमा गरेका निर्णय, सरकारमा रहँदा गरेका काम, राजनीतिक, आर्थिक, सामाजिक आन्दोलन, अभियान र उपलब्धिको अभिलेखीकरण गरी दस्तावेज बनाउने।
- विभिन्न क्षेत्रका विषय विज्ञहरूको रोस्टर बनाई अभिलेखीकरण गर्ने।
- भ्रातृ संघ तथा शुभेच्छुक संस्थाले आफ्नो संघसंस्थासँग आबद्ध सदस्यहरूको अभिलेख राखि अद्यावधिक विवरण पार्टीको अभिलेख प्रणालीमा समावेश गर्ने।
- नेपालको बिभिन्न  स्थानबाट केन्द्र, प्रदेश र विभिन्न जिल्लामा केन्द्रित रही गठन भएका सम्पर्क समितिलाई व्यवस्थित गरी सो को अभिलेख राख्ने।

## १२. डिजिटल कांग्रेस

सूचना प्रविधिको प्रयोग, सङ्गठन सञ्चालनका लागि अब छनोटको विषय रहेन अपरिहार्यता बनेको छ। यसको समुचित प्रयोग र व्यापक बनाउँदै र व्यवस्थित गर्दै पार्टीलाई डिजिटलाइज्ड गर्नुपर्ने छ।

**यसको लागि**

- अनलाइनबाट पार्टी सदस्यताका लागि आवेदन, नवीकरण र प्रदान गर्ने कार्य सुरू भइसकेको छ। यसलाई थप सहज, व्यवस्थित र चुस्त बनाउने।  क्रमश: क्रियाशील सदस्यताको आवेदन पनि पार्टीको वेबसाइटबाट अनलाइनमै भर्ने व्यवस्था गर्ने।
- वडादेखि केन्द्रीय तहसम्मको हरेक बैठक र कार्यक्रमको डिजिटल माध्यमबाट अभिलेखीकरण गर्ने प्रणालीको विकास गर्ने। पार्टीका सबै अभिलेखहरू डिजिटल  अभिलेख प्रणालीमा प्रविष्ट गर्ने।
- पार्टीको विभिन्न तहको जिम्मेवारीमा रहेका व्यक्ति र तहगत समितिको स्व:मूल्याङ्कन, मूल्याङ्कन, अनुगमन प्रणालीलाई डिजिटल माध्यमबाट गर्ने व्यवस्था गर्ने।
- पार्टी सदस्य, समितिका बिचमा डिजिटल माध्यमबाट विषयगत बहस,अन्तर्क्रिया गर्ने। डिजिटल माध्यमबाट पार्टी संगठनका सदस्यलाई पार्टीको नीति, विचार र क्षमता अभिवृद्धि कार्यक्रम र अभिमुखीकरण गर्ने।

- पार्टीको सूचना प्रणालीलाई पूर्ण रूपमा डिजिटल प्रणालीमा लैजाने । नेपाल पुकारलाई एपमार्फत उपलब्ध गराउने ।
- पार्टीको निर्णय प्रक्रियामा तिनको आवाजलाई सहज पहुँच दिन महत्वपूर्ण विषयमा डिजिटल माध्यमबाट पार्टी सदस्य र मतदाताको राय सुझाव लिने ।

## १३. पार्टी अनुशासन

पार्टी संगठनलाई विधिसम्मत चलाउन पार्टीको प्रत्येक सदस्य र समितिले विधि अनुसार आफ्नो कर्तव्य एवं जिम्मेवारी पूरा गर्नुपर्छ र पार्टी अनुशासन पालना गर्नुपर्छ । पार्टीको विधानले अनुशासन पालनाका सन्दर्भमा केही विधि र संयन्त्र निर्धारण गरेको छ । पार्टी अनुशासन उलङ्घन गर्ने कुनै पनि प्रयासलाई पार्टीले छुट दिनु हुँदैन । सबैले आफ्नो कर्तव्य, जिम्मेवारी र अनुशासनको पूर्ण पालन गर्नुपर्दछ । पार्टी अनुशासन हरेक सदस्यलाई समान ढङ्गले लागु हुनुपर्छ । निर्णयमा एकरूपता हुनुपर्छ जसले पार्टीभित्र हरेक सदस्यले न्यायको प्रत्याभूत गर्न सकोस् ।

**यसका लागि**

- अनुशासन उलङ्घन सँग जोडिएर आएका उजुरी र निवेदनहरूलाई अनुशासन समितिले अबिलम्व टुङ्गाउने ।
- पार्टी आचारसंहिता र अनुशासन पालना, सो को मूल्यांकन, छानबिन तथा निर्णयका सन्दर्भमा स्पष्ट आधार र मापदण्ड तय गरी विश्वसनीय वनाउने र निर्णयमा एकरूपता हुने व्यवस्था गर्ने ।

## १४. पार्टी र सरकार

पार्टीको तर्फबाट उम्मेदवार भएर गएका जनप्रतिनिधि वा कार्यकारी भूमिकामा रहेका व्यक्ति र पार्टी समितिको बिचमा विश्वास सहितको कार्यगत सम्बन्ध सदैव अपेक्षित हुन्छ । यसले एक अर्काका अपेक्षा, अफ्ठ्यारा सू-सुचित गर्ने मात्र होइन सामूहिकताको भावना विकास हुन्छ, अपनत्वको महशुस हुन्छ । पार्टी विधानले जनप्रतिनिधिसंग पार्टीको नियमित संवादको व्यवस्था गरेको छ । तर, पार्टी र सरकार बिचको समन्वय, संवाद र सम्बन्धका सन्दर्भमा विगतदेखि नै पार्टीले गरेका प्रयासमा कहीँ नै कहीँ अप्रयाप्तता भएको छ । सबै तहगत सरकारमा यो दुरी झन बढ्दो छ; कतै संवाद छैन, कतै समन्वय छैन; जवाफदेहीता कसैको पनि छैन । यो दुरीलाई कम गर्नैपर्ने छ । सरकार र पार्टीको सम्बन्ध सुमधुर हुन सकेन भने त्यसले सरकारको विश्ववनीयता र

स्थीरतामा समेत असर गर्छ । त्यसैले यो विषयमा सैद्धान्तिक मात्रै होइन व्यवहारिक ढङ्गले समाधान खोज्न अपरिहार्य छ ।

**यसका लागि**

- प्रत्येक गाउँ नगरपालिका र वडामा पार्टीको तर्फबाट जितेका जनप्रतिनिधि र पार्टी समितिबिच समन्वय, संवाद र सहजीकरणका लागि देहायको समन्वय संयन्त्र बनाउने । जसमा सामान्यत:
  - जनप्रतिनिधिबाट निर्वाचित वा उम्मेदवार सहित ३ जना
  - पार्टीबाट सम्बन्धित तहको सभापति सहित ३ जना
  - सामाजिक क्षेत्रमा प्रतिष्ठित व्यक्तिबाट २ जना
  - समन्वय संयन्त्रले हरेक २ महिनामा बैठक बस्ने, समीक्षा गर्ने, कमिकमजोरी भए सच्याउने,राम्रा काममा सहजीकरण गर्ने ।
  - पार्टीको तर्फबाट जनचासोका विषय स्थानीय सरकार समक्ष पुर्याउने,
  - वार्षिक योजना कार्यक्रममा सहयोग र समन्वय गर्ने ।

- प्रत्येक जिल्ला कार्यसमितिले पार्टीको तर्फबाट त्यस जिल्लामा जितेका प्रमुख, उपप्रमुख र पार्टी क्षेत्रीय सभापति सहितको जिल्ला समन्वय संयन्त्र बनाउने ।
- प्रदेश कार्य समितिले प्रदेश सभापति, प्रदेश सरकारमा पार्टीको तर्फबाट प्रतिनिधित्व गर्ने मन्त्री, संसदीय दलको नेता, पार्टीका सचेतक सहित पार्टी प्रदेश समिति पदाधिकारीको सहितको एक संवाद संयन्त्र बनाउने ।
- केन्द्रीय कार्यसमितिले सभापति, पदाधिकारी, संसदीय दलको नेता, प्रमुख सचेतक, र सरकारमा सहभागी मन्त्रीसहितको एक समन्वय र सहजीकरण संयन्त्र बनाउने ।
- समन्वय संयन्त्रको नियमित रूपमा बैठक वसी संवाद, छलफल र उठेका विषयमा सामुहिक दृष्टिकोण निर्माण गर्ने ।
- हाम्रो पार्टी विधानले जनप्रतिनिधि र पार्टीका बिचमा सम्बन्ध र संवादका गरेको प्रबन्धलाई कार्यतालिका नै बनाई हरेक तहले कार्यान्वयन गर्ने ।
- केन्द्रीय कार्यसमितिले स्थानीय तह र प्रदेशहरूलाई केन्द्रबाट प्रभावकारी सरकार संचालनका लागि आवश्यक समन्वय, सहजिकरण गर्न छुट्टा छुटटै समन्वय समिति बनाउने।

## १५. प्रदेश कार्यसमिति सवलीकरण

संघीयतालाई सबलीकरण गर्न र संविधानको भावना अनुरूप प्रदेश संरचनालाई प्रभावकारी, कार्यमूलक, चुस्त र सुशासनयुक्त बनाउनका लागि पार्टीको प्रदेश संरचना पनि

त्यतिकै गतिशील र प्रभावकारी हुनु आवश्यक छ। हाम्रो पार्टी संरचनामा प्रदेश कार्यसमिति नयाँ संरचनागत अभ्यास हो । पार्टीको प्रदेश कार्यसमितिलाई थप सबल र कार्यमूलक बनाउन आवश्यक छ।

**यसको लागि**

- केन्द्रीय कार्यसमितिले आफूमा निहित केही अधिकार र कामलाई प्रदेश कार्यसमितिमा प्रत्यायोजन गर्ने।
- प्रदेश कार्यसमितिले अन्तर्गत रहेका जिल्ला कार्यसमितिको गतिविधिको अभिलेखीकरण नियमित अनुगमन, मूल्याङ्कन र समन्वय गर्ने।
- पार्टी केन्द्रीय कार्यसमितिले गरेका निर्णय कार्यान्वय र अभियान सञ्चालनमा प्रादेशिक समन्वय र सहजीकरण गर्ने।
- प्रदेश कार्यसमिति र प्रदेश सरकार बिच नियमित समन्वय र सहजीकरण संयन्त्र बनाउने।
- प्रदेशस्तरमा रहेमा भ्रातृ तथा सुभेचछुक संस्थामा प्रादेशिक समितिसँग समन्वय र सहजीकरण तथा परिचालन गर्ने।
- केन्द्रीय कार्यसमितिको कार्यतालिकालाई समेत ध्यान दिई प्रादेशिक सांगठनिक कार्यतालिकाको निर्माण गरी कार्यान्वयन गर्ने गराउने।

## १६. पार्टी योद्धा सम्मान र सहयोग

पार्टी स्थापनादेखि करिब आठ दशकको अथक यात्रामा हजारौं योद्धाले जीवन, धन सम्पत्ति, अबसर गुमाउनु परेको छ। कठीन समयमा लोकतन्त्र र पार्टीको लागि सबै गुमाउन तयार भएका सहिदका परिवार, विस्थापित परिवार, द्वन्द्व पीडित र घाइतेका परिवार, प्रजातन्त्र सेनानीहरू सबै पार्टीको परिवार हो। यो परिवारमा अफ्ठयारो परेको बेला हाम्रो विशेष जिम्मेवारी रहन्छ। आपत विपतमा पर्दा पार्टी छ भन्ने अनुभूति दिलाउन सक्नुपर्छ।

**यसका लागि**

- पार्टीका स्थापनाकालीन अग्रज नेता, प्रजातन्त्र सेनानी, सहिद परिवार, घाइते र द्वन्द्वपीडित परिवारलाई सम्मान गर्ने कार्यक्रम सुरू भएको छ, यसलाई व्यवस्थित र प्रभावकारी बनाउदै क्रमश: जिल्ला तहसम्म गर्ने।
- पार्टीले आफ्नै सदस्य, शुभेच्छुक र समितिको सहयोगमा दश करोडको 'अक्षयकोष' स्थापना गर्ने । कार्यविधि बनाएर सहिदका परिवार, विस्थापित परिवार, द्वन्द्व पिडित र घाइतेका परिवार, प्रजातन्त्र सेनानीका परिवारको शिक्षा स्वास्थ्यमा सहयोग गर्ने।

- विपदका अबस्थामा अफ्ठ्यारोमा परेका पार्टीले विपद आएको क्षेत्रमा उद्धार राहत तथा पुनर्स्थापनाका काममा परिचालन गर्ने, विपदमा परेका सदस्य र परिवारलाई सहयोग गर्ने ।

## १७. संगठन परिचालन तथा विस्तार विशेष अभियान

कतिपय जिल्लामा पार्टीका वैठक, सम्मेलन, सदस्यता विस्तार र नवीकरण लगायत विधानप्रदत्त नियमित गतिविधि समेत हुन नसकेको, कतिपय तहमा निष्कृयता रहेको र कतिपय ठाउँमा निर्वाचन लगायत विशिष्ट कारणले संगठनमा सिथिलता आएको पार्टीका आन्तरिक अभियाबाट प्राप्त प्रतिवेदनले समेत देखाएको छ । अर्कोतर्फ धेरै हाम्रा गतिविधिहरू संगठन विस्तार भन्दा पनि नियमित परिचालनमा सिमित भएको अबस्था छ । यस अबस्थामा जहाँ निस्कृयता छ त्यहा सक्रिय बनाउने, अलमल छ त्यहाँ विवाद सल्टाउने र समग्र संगठन संरचनालाई चलायमान बनाउनुपर्नेछ ।

**यसका लागि**

- समस्या भएका जिल्लाहरूमा केन्द्रबाट उच्च तहको नेतृत्वलाई निश्चित अधिकार र विशेष जिम्मेवारी सहित खटाउने ।
- २०८१ लाई संगठन विस्तार बर्षको रूपमा घोषणा गरी ५ लाख नयाँ सदस्य बनाउने अभियान सञ्चालन गर्ने । यस अभियानको क्रममा जिल्लादेखि वडासम्म खटाइएका प्रतिनिधिहरू दुई महिना अनिवार्य रूपमा पूरा अवधि निर्दिष्ट क्षेत्रमा खटिएर काम गर्ने गरी कार्ययोजना तय गर्ने ।
- महिला, विद्यार्थी, तरुण, ट्रेड युनियन जस्ता भ्रातृ संघ संस्थाहरूलाई पनि संगठन विस्तारको निश्चित टार्गेट सहित कार्ययोजना तय गरी आफ्नो कार्यक्षेत्रमा खटाउने । भ्रातृसंघका अधिवेशनका क्रममा सदस्यता विस्तारलाई विशेष प्राथमिकता दिने ।
- नेपाली जनसम्पर्क समितिको गठन नभएका देशहरूमा विस्तार गर्ने ।
- प्रचलित कानून अनुसार मिल्नेगरी आवेदन दिइरहेका शुभेच्छुक संस्थाहरूलाई आवद्ध गर्ने ।
- सदस्यता प्रदान गर्दा सदस्यता नभएको वा नपुगेको समुदाय र क्षेत्रमा जनसंख्या र कलस्टरमा नै विशेष अभियान सञ्चालन गर्ने ।
- सबै तहका समितिले समाजका विभिन्न क्षेत्रमा क्रियाशील व्यक्तिहरू खोजी गरी पार्टीमा जोड्ने ।

## १८. युवासंग कांग्रेस

लोकतन्त्र प्राप्तिको आन्दोलन र संघर्षको बेला पार्टीमा युवाहरू स्वभाविक रुपमा जोडिने अबस्था हुन्थ्यो । एउटा वृहत मिसन र उद्धेश्यले सबैलाई एकैपटक परिचालन गर्थ्यो । अहिले हामीले परिकल्पना गरेको राजनीतिक उपलब्धि हासिल भएका छन् । अव संघर्ष होइन सिर्जनाको समय हो । यस अबस्थामा रचनात्मक ढङ्गले युवालाई पार्टीमा जोड्न विशेष अभियान चाहिएको छ ।

**यसको लागि**

- युथ कांग्रेस, उद्यमशील कांग्रेस जस्ता मञ्चहरू मार्फत नवयुवालाई संगठित र प्रशिक्षित गर्दै पार्टीसंग जोड्ने।
- शिक्षा, पर्यावरण, साहित्य, नवप्रवर्तन लगायतका विभिन्न विषयमा पोलिसी ह्याकथन जस्तो प्रतिस्पर्धात्मक कार्यक्रमबाट युवालाई जोड्ने।
- लैङगिक हिंसा, सामाजिक विकृति र विसंगतिविरुद्ध विभिन्न सामाजिक अभियानहरू युवाहरूले नै संचालन गर्ने व्यवस्था गर्ने।
- खेलकुदको विवध कार्यक्रम र अभियान मार्फत नवयुवालाई जोड्ने।
- पार्टीमा युवा इन्टर्न, स्वयमसेवकको व्यवस्था गर्ने।
- पार्टीको विधानले व्यबस्था गरेको तहगत कार्यसमिति र विभागमा युवा प्रतिनिधित्वको प्रावधानलाई प्रभावकारी कार्यान्वयन गर्ने।

## १९. पार्टी बैठक, कार्यक्रम र सम्मेलन सञ्चालन विधि र ढाँचा

पार्टीका बैठक, कार्यक्रम र सम्मेलन सञ्चालनको निर्दिष्ट विधि र ढांचा नहुँदा सबै तहमा समस्या हुने गरेको छ। जुन तौर तरिकाबाट हाम्रा बैठक र कार्यक्रम सञ्चालन हुनेगरेका छन त्यो परम्परागत ढाँचालाई बदल्न आवश्यकता छ।

**यसका लागि**

- विधान बमोजिम हरेक तहले कार्यसमितिको नियमित बैठकको कार्यतालिका नै बनाउने।
- केन्द्रीय कार्यसमितिले बैठक सम्बन्धी विधि र ढाँचा तोक्नेछ। सोही अनुसार हरेक तहले बैठक सञ्चालन विधि तय गरी कार्यान्वयन गर्ने। हरेक बैठकमा पार्टीको आन्तरिक समीक्षा, समसामयिक र राजनीतिक विषय, पार्टीको माथिल्लो तहबाट कुनै परिपत्र, सूचना वा अन्य विवरण आएको भए सो को जानकारी र एजेन्डागत रूपमा धारणा राख्ने, छलफल गर्ने र निर्णय गर्ने परिपाटीको विकास गर्ने।
- प्रत्येक तहले सम्मेलन गर्दा केन्द्रीय कार्यालयले तोके बमोजिमको विधि र ढाँचा अनुसार खुला सत्र र आन्तरिक सत्र सहितको सम्मेलनको प्रारूप बनाउने। उद्घाटन सत्रलाई नियमित रूपमा गरिने कार्यक्रम बाहेक कुनै सिर्जनात्मक सामाजिक अभियानसँग जोडने।

- पार्टीको कुनै पनि तहमा आन्तरिक वा खुला कार्यक्रम गर्दा विद्यमान भद्दा र पट्यारलाग्दो कार्यक्रम नगरी केन्द्रीय कार्यालयले तोके बमोजिमको ढाँचा र विधि अनुसार छिटो छरितो बनाउने ।

****

**आदरणीय साथीहरू !**

पार्टीले तत्काल गर्नुपर्ने, गर्न सकिने र गर्नैपर्ने कार्यका सन्दर्भमा माथिको खण्डमा चर्चा गरिसकिएको छ । आजको नवीन राजनीतिक चेतना, सूचना, सञ्चार र प्रविधिको क्षेत्रमा भएको विकास, देश विदेशमा फैलिएको नेपाली समाज र वसाईँसराइको बनोट आदि कारणले पार्टीको साङ्गठनिक स्वरूप तथा संरचनाको बारेमा नयाँ ढङ्गले बहस गर्नुपर्छ भन्ने विषय उठ्दै आएको छ । पार्टी सञ्चालनको हाम्रै अनुभवले पनि पार्टी प्रणाली तथा साङ्गठनिक स्वरूप तथा संरचनाको वदलावको आवश्यकता महसुश भएको छ । एकातर्फ हाम्रा मूलभूत मान्यतालाई कायम गर्नुपर्नेछ भने अर्कोतर्फ आवश्यकता र समयको माग अनुसार परिमार्जन गर्दै जानुपर्ने छ । यसका लागि केही आधारभूत सवालमा खुला छलफल गर्ने र वैधानिक व्यवस्था गर्नुपर्ने छ ।

विधान अनुसार २०८२ मंसिरसम्ममा हाम्रो महाधिवेशन गर्नुपर्दछ । महाधिवेशन भन्दा अगाडि २०८१ मा विधान अधिवेशन/महासमिति बैठक गर्ने छौँ । यो महासमिति बैठकदेखि विधान अधिवेशनसम्मको अबधिमा यी विषयमा पार्टी संगठनका विभिन्न तहमा सार्थक बहस गरौँ र विधान अधिवेशनमार्फत परिमार्जन गरी अर्को महाधिवेशनबाट कार्यान्वयन गरौँ ।

## बहसका लागि प्रस्तावित विषयहरू

### १. सदस्यता

हामीले हालसम्म पार्टी सदस्य र क्रियाशील सदस्य गरी दुई प्रकारको सदस्यता प्रणाली अभ्यास गर्दै आइरहेका छौँ । सिद्धान्ततः कांग्रेस सदस्यता लिएको एक वर्षपछि क्रियाशील सदस्यता लिनुपर्दछ । यद्यपि व्यवहारमा पार्टी सदस्यको अभ्यास र अभिलेखीकरण छैन । विधान अनुसार क्रियाशील सदस्यता जहिलेसुकै वितरण गर्नुपर्ने र महाधिवेशन हुनुभन्दा ६ महिना पहिलासम्म क्रियाशील सदस्यता लिएको व्यक्तिले मात्र मतदान गर्न र उम्मेदवार हुनसक्ने व्यवस्था छ । तर अभ्यासमा महाधिवेशनको केही समय अघि निश्चित तहमा निश्चित सङ्ख्या तोकेर क्रियाशील सदस्यता प्रदान गर्ने प्रचलन हुँदै आएको छ । एक किसिमले 'हामी पहिला तिमीलाई चयन गर्दछौँ, अनि तिमी हामीलाई निर्वाचित गर्नु" भन्ने प्रकृतिको सदस्यता प्रणालीको अभ्यास गरिरहेका छौँ ।

अब यही व्यवस्था र अभ्यासलाई निरन्तरता दिने वा बदल्ने ?

**छलफलका लागि केही प्रस्ताव**

- पार्टीमा एकै प्रकारको सदस्यताको व्यवस्था गर्ने । महाधिवेशनको छ महिना अगाडि सदस्यताको आवेदन दिने र प्रदान गर्ने कार्य बन्द गर्ने । बाँकी समयमा सधैं सबैले सदस्यताका लागि आवेदन दिन सक्ने । पार्टीले कसैलाई सदस्यता दिन नसक्ने भए सोको कारण खुलाई जानकारी दिनुपर्ने ।
- यसरी प्राप्त गरेको क्रियाशील सदस्यताको नवीकरण गर्दा भने पार्टीभित्र तोकिएको जिम्मेवारीको मूल्याङ्कनका आधारमा गर्ने ।
- सदस्यता लिएको निश्चित समय पश्चात मात्र मताअधिकार र जिम्मेवारी प्राप्त गर्ने व्यवस्था गर्ने । उदाहरणको लागि निश्चित वर्ष सदस्य भएकोलाई मात्र पार्टीभित्र मताधिकार दिने र पार्टीको कुनै जिम्मेवारीमा आउन चाहने व्यक्ति पनि सदस्यता लिएको निश्चित वर्ष हुनुपर्ने व्यवस्था गर्ने ।

## २. नेतृत्व चयन प्रक्रिया

पार्टीको विधानले वडादेखि केन्द्रसम्म तहगत प्रतिनिधि छनोट र नेतृत्व चयन प्रक्रियाको निश्चित विधि तय गरेको छ । सदस्यहरुले प्रतिनिधि छनोट गर्ने प्रतिनिधिले तहगत रूपमा कार्यसमिति र नेतृत्व छनोट गर्ने अभ्यास छ। पदाधिकारी सहित बहुपदको निर्वाचन हुन्छ केही पद निर्वाचित सभापतिले मनोनित गर्ने वैधानिक व्यवस्था छ ।

अब यही व्यवस्था र अभ्यासलाई निरन्तरता दिने वा बदल्ने ?

**छलफलका लागि केही प्रस्ताव**

- वडादेखि जिल्ला तहसम्म जुन तहको लागि नेतृत्व छनोट गर्ने हो; मताधिकारका लागि योग्यता पुगेका पार्टी सदस्यको प्रत्यक्ष निर्वाचनबाट सो तहको सभापति र अन्य केही पद मात्र निर्वाचित गर्ने । बाँकी पद पार्टी सदस्यहरूमध्येबाट मनोनयन गर्ने ।
- प्रदेशसभा क्षेत्रभरिका पार्टी सदस्यहरूले प्रत्यक्ष निर्वाचनबाट प्रदेश अधिवेशन प्रतिनिधि चयन गर्ने । प्रदेश कार्यसमिति सभापति र केही पद मात्र प्रदेश प्रतिनिधिले निर्वाचित गर्ने बाँकी पद मनोनयन गर्ने ।
- प्रतिनिधिसभा क्षेत्रभरिका पार्टी सदस्यहरूले प्रत्यक्ष निर्वाचनबाट महाधिवेशन प्रतिनिधि चयन गर्ने । केन्द्रीय कार्यसमिति सभापति र केही पद मात्र महाधिवेशन प्रतिनिधिले निर्वाचित गर्ने बाँकी पद मनोनयन गर्ने ।

- स्वत: प्रतिनिधि हुने व्यवस्थाको अन्त्य गर्ने । केन्द्रीय सदस्य, सांसद लगायत विभिन्न जिम्मेवारीमा रहेका सबै अनिवार्य रूपमा तल्लो तहबाट अधिवेशन प्रतिनिधि निर्वाचित भएर आउनुपर्ने ।
- पार्टीको विभिन्न तहमा पदीय जिम्मेवारी लिनको लागि सदस्यता लिएको निश्चित अबधि पुगेपछि हुनेगरी मापदण्ड र आधार तोक्ने ।
- पेसागत र प्राज्ञिक क्षेत्रबाट केन्द्रीय समिति लगायत विभिन्न तहमा निश्चित अनुपातमा सङ्ख्या(नेतृत्व र प्रतिनिधित्व) सुनिश्चित गर्ने ।
- निर्वाचन र मनोनयन गर्दा समावेशी समानुपातिक सिद्धान्तको मर्मलाई पूर्ण रूपमा आत्मसात गर्ने । विभिन्न समुदायको समावेशी प्रतिनिधित्व गराउँदा खासगरी महिला, मधेसी, दलित, आदिवासी जनजाती, थारु, मुस्लिम लगायतको प्रतिनिधित्वमा सदस्यता देखि नै समुदायभित्रको जनसङ्ख्याको कलष्टरलाई समेत ध्यान दिने ।
- मधेसी दलित समुदाय लगायत समाजको पिँधमा रहेका समुदायको छुट्टै कलस्टर नै बनाएर प्रतिनिधित्व सुनिश्चित हुने व्यबस्था गर्ने । अपाङ्गता भएका व्यक्तिको सबै तहमा छुट्टै प्रतिनिधित्वको सुनिश्चितता गर्ने ।
- प्रत्येक तहका कार्यसमितिमा महिला पदाधिकारी अनिवार्य हुनुपर्ने व्यवस्था गर्ने ।
- आरक्षण कोटामा एकपटक भन्दा बढी एउटै व्यक्तिले सोही पदमा नपाउने व्यवस्था गर्ने । पार्टीको कुनै पनि तहको कार्यकारी कुनै पदमा दुईपटक भन्दा बढी रहन नपाउने स्पष्ट व्यवस्था गर्ने । पार्टीभित्र एउटै व्यक्तिले पटक पटक अवसर पाउने प्रवृत्तिको अन्त्य गर्न अवसरको समान र न्यायोचित वितरणलाई सवै तहमा आत्मसात गर्ने ।

### ३. उम्मेदवार छनोट प्रक्रिया

पार्टीको विधानले तल्लो तहका समितिहरूबाट प्रारम्भिक सिफारिस र राय सहित निर्णय गर्ने तहमा पुऱ्याउने अनि निर्णय गर्ने निकायले विधानले तोके बमोजिमको समिति बनाएर उम्मेदवार चयन गर्ने व्यवस्था गरेको छ । तर व्यवहारमा तोकिएको सङ्ख्यामा सिफारिस नहुने र अन्तिम निर्णय गर्ने तहले पनि सिफारिस नहेरी कुनै मापदण्ड विना नै तजविजी निर्णयका आधारमा चयन गर्ने अबस्था बनेको छ ।

अब यही व्यवस्था र अभ्यासलाई निरन्तरता दिने वा बदल्ने ?

**छलफलका लागि केही प्रस्ताव**

- स्थानीय तहको निर्वाचनको हकमा उम्मेदवार छनोटको निर्णय सोही तहका पार्टी सदस्यहरूले प्रत्यक्ष मतदान(प्राइमरी इलेक्सन) बाट छनोट गरेर टुङ्ग्याउने । यसरी चयन गरेपछी कुनै तहले थप गर्न नपाउने ।
- पार्टी सदस्यहरूले प्रत्यक्ष निर्वाचन(प्राइमरी इलेक्सन) बाट उम्मेदवार छनोट गर्दा पार्टी सदस्य मध्येका आकांक्षी वा पार्टी सदस्यहरूले योग्य र उपयुक्त ठानेमा संगठन संरचनामा नरहेको व्यक्तिलाई पनि छनोट गर्न सक्ने ।
- संसदीय उम्मेदवारको हकमा सम्बन्धित क्षेत्रका पार्टी सदस्यहरू प्रत्यक्ष मतदान(प्राइमरी इलेक्सन) बाट छनोट गर्ने ।

  **अथवा,** सम्बन्धित क्षेत्रका पार्टी सदस्यहरूले प्रत्यक्ष मत(प्राइमरी इलेक्सन) बाट बढी मत प्राप्त एक महिला सहित तीन जना छनोट गरी सो नाम निर्णय गर्ने तहमा पठाउने । तीनजना भन्दा बढी सिफारिस गर्न नपाउने । निर्णय गर्ने निकायले सम्बन्धित क्षेत्रबाट सिफारिस भएका तीनजना मध्ये एक जना विधिपूर्वक चयन गर्ने । सिफारिस भएका तीनजना भन्दा बाहिरबाट उम्मेदवार बनाउन नपाउने ।

- समानुपातिक तर्फ उम्मेदवार सिफारिस गर्दा निर्वाचन क्षेत्रका पार्टी सदस्यको प्रत्यक्ष मत(प्राइमरी इलेक्सन)बाट सम्बन्धित क्षेत्रको जनसंख्यालाई समेत ध्यान दिई निश्चित कलस्टरको लागि छुट्टयाएर निश्चित संख्यामा छनोट गरी सिफारिस सहित पठाउने ।
- समानुपातिकतर्फको सूची बनाउँदा प्रत्येक क्षेत्रबाट समानुपातिकतर्फ सिफारिस भइ आएका नाम मध्ये सम्बन्धित कलस्टरमा पनि विगतमा प्रत्येक्ष र समानुपातिक तर्फ अवसर नपाएका समुदाय, क्षेत्र र कलस्टरलाई प्राथमिकतामा राखी विधिपूर्वक निश्चित मापदण्डका आधारमा बनाउने ।

## ४. भ्रातृ संघ :

भातृ संघ सञ्चालन तथा परिचालनका सन्दर्भमा विधानले निश्चित व्यवस्था गरेको छ । भ्रातृ संघको आफ्नै विधान हुन्छ जसमा नेतृत्व चयन गर्ने स्पष्ट प्रक्रिया हुन्छ । तर संघले समयमा अधिवेशन गर्न नसक्ने अनि पार्टीले तोकिदिने प्रचलित अभ्यास छ ।

अब यही व्यवस्था र अभ्यासलाई निरन्तरता दिने वा बदल्ने ?

### छलफलका लागि केही प्रस्ताव

- भ्रातृ संघ पार्टी कै अङ्ग भएकोले राजनीतिक र नीतिगत विषयमा पार्टीले निर्देशन र परिचालन गर्न सक्ने तर सांगठनिक कुरामा पूर्ण स्वायत्त ढङ्गले काम गर्ने व्यवस्था गर्ने । पार्टीले समन्वय गर्ने तर हस्तक्षेप नगर्ने ।

- भ्रातृ संघहरूको विधानमा एकरूपताका लागि पार्टीले ढाँचा उपलब्ध गराउने।
- भ्रातृ संघ वर्गीय मुद्दा र विषय केन्द्रित हुने व्यवस्था गर्ने।
- पार्टीको निर्वाचन समितिले नै सबै भ्रातृ संघहरूको विधान बमोजिम तोकिएको समयावधिभित्रै नियमित अधिवेशन गराउने विशेष व्यवस्था गर्ने।

## ५. शुभेच्छुक संस्था :

प्रचलित कानूनले पार्टीमा आबद्धता हुन रोक लगाएका शिक्षक, सरकारी कर्मचारी लगायतसँग सम्बन्धित शुभेच्छुक संस्थाहरूलाई पार्टीसँगको आबद्धताको निरन्तरतामा ठुलो अलमल छ।

अब यस्तै अलमललाई निरन्तरता दिने वा बदल्ने ?

**छलफलका लागि प्रस्ताव:**

- प्रचलित कानूनले पार्टी सदस्यता लिन निषेध गरेका पेशासँग सम्बद्ध शुभेच्छुक संस्थासंग पार्टीको अहिलेको संस्थागत आवद्धता वदलेर पार्टीले विधागत/पेसागत/विशेषज्ञ सम्बन्ध राख्ने।
- सम्बन्धित पेसामा संलग्न व्यक्तिहरूलाई पार्टीको सदस्यता प्रदान नगर्ने।
- पार्टीमा वा पार्टीमार्फत जिम्मेवारी लिन चाहेमा कानून बमोजिम रित पुऱ्याएर आएपछि निजले आफ्नो संस्थामा सदस्य रहेर गरेको कार्य अबधिलाई समेत क्रियाशीलता र योग्यताको मापनको आधार बनाउने।
- पार्टीको केन्द्रीय समितिदेखि विभिन्न तहमा पेसागत, विशेषज्ञता र विधागत प्रतिनिधित्वको लागि छुट्टै निश्चित संख्याको अनुपातमा कलस्टरको व्यबस्था गर्ने।

## ६. नेपाली जनसम्पर्क समिति

प्रचलित कानून अनुसार नेपाली नागरिक मात्र पार्टीको क्रियाशील सदस्य बन्नको लागि योग्य मानिन्छ। जसले गर्दा जनसम्पर्क समितिमा, गैरआवासीय वा नेपाली नागरिकता त्यागेर विदेशी नागरिकता लिएका व्यक्ति पार्टीको संगठनमा आबद्धता हुने कुरामा ठुलो अलमल सिर्जना भएको छ।

अब यस्तै अलमलको निरन्तरता वा बदल्ने ?

**छलफलका लागि प्रस्ताव**

- प्रत्येक जनसम्पर्क समितिलाई संस्थागत आबद्धता प्रदान गर्ने। तत् तत् जनसम्पर्क समितिले आफैं सदस्यता प्रदान गर्न सक्ने व्यवस्था गर्ने। जनसम्पर्क समितिमा रुची

भएका गैर आवासीय नेपाली सबै सदस्य हुन पाउने व्यवस्था गर्ने । तर पार्टीको महाधिवेशनमा सहभागिता नेपालको प्रचलित कानून अनुसार हुने ।

- सबै जनसम्पर्क समितिको विधानमा एकरूपताका लागि पार्टीले ढांचा उपलब्ध गराउने ।
- नेपाली जनसम्पर्क समितिको अन्तराष्ट्रिय समन्वय संरचना बनाउने । उक्त संरचनाको नाम नेपाली जनसम्पर्क समिति, अन्तराष्ट्रिय महासंघ वा अन्तराष्ट्रिय परिषद राख्ने । विभिन्न क्षेत्र (मध्यपूर्व, एशीया प्रशान्त, युरोप, भारत, अफ्रिका, अमेरिका लगयात) का सम्मेलनबाट सदस्य सङ्ख्याको अनुपातमा निश्चित सङ्ख्यामा महाधिवेशन प्रतिनिधि आउने व्यवस्था गर्ने । हरेक क्षेत्रबाट उपाध्यक्ष रहनेगरी अन्तराष्ट्रिय महासंघको कार्यसमितिको व्यवस्था गर्ने ।
- विदेशबाट नेपाल फर्केर आई पार्टीमा वा पार्टीमार्फत जिम्मेवारी लिन चाहेमा कानून बमोजिम रित पुऱ्याएर आएपछि जनसम्पर्क समितिमा सदस्य रहेर काम गरेको अबधिलाई समेत क्रियाशीला र योग्यताको मापनको आधार बनाउने ।

## ७. केन्द्रीय निर्वाचन समिति, लेखा समिति र अनुशासन समिति

हाल पार्टी विधान अनुसार केन्द्रीय निर्वाचन समिति, लेखा समिति र अनुशासन समिति केन्द्रीय सभापतिको प्रस्तावमा केन्द्रीय कार्यसमितिले मनोनयन गर्ने प्रचलन छ । यी समितिहरू जति स्वायत्त, स्वतन्त्र र निश्पक्ष ढङ्गले काम गर्न सक्यो त्यति पार्टीको आन्तरिक लोतान्त्रिक प्रणाली बलियो हुन्छ । अहिले कतिपय अबस्थामा कार्य सञ्चालनमा कठिन भएको देखिन्छ । यी समितिलाई थप स्वतन्त्र र सबल बनाउनु आवश्यक छ ।

अब यही अबस्थालाई निरन्तरता दिने वा बदल्ने ?

**छलफलका लागि प्रस्ताव**

- केन्द्रीय निर्वाचन समितिलाई नेपाली कांग्रेस आन्तरिक निर्वाचन आयोगमा रुपान्तरण गर्ने । लेखा समिति, अनुशासन समितिको सट्टा स्वायत्त र अधिकारसम्पन्न लेखा आयोग, अनुशासन आयोग, मूल्याङ्कन तथा अनुगमन आयोग बनाउने।
- आन्तरिक निर्वाचन आयोग, लेखा आयोग र अनुशासन आयोग तथा मुल्याङ्कन तथा अनुगमन आयोगका संयोजक र सदस्यहरूको निर्वाचन पार्टी महाधिवेशबाट नै गर्ने ।
- आयोगका संयोजक र सदस्यको लागि योग्यता र मापदण्ड विधानमा नै व्यवस्था गर्ने । पार्टीप्रति आस्थावान तर निर्वाचन प्रक्रियाको निश्चित अनुभव हासिल गरेका व्यक्तिहरू छनोट गर्ने ।
- पार्टी र भ्रातृ संस्थाको अधिवेशनको निर्वाचन सम्बन्धि सम्पूर्ण जिम्मेवारी केन्द्रीय निर्वाचन आयोगलाई प्रदान गर्ने ।

- निर्वाचन आयोगलाई थप स्वायत्त र स्थायी प्रकृतिको संरचनाको रुपमा विकास गर्ने ।

## ८. विधानका केही संरचनागत विषय

पार्टीको विधानले टोल कार्यसमितिदेखि केन्द्रीय कार्यसमितिसम्म विभिन्न तहका साथीहरूसँग छलफल गर्दा विधानका कतिपय प्रावधानहरू अव्यवहारिक छन, कतिपय अष्पष्ट छन भने कतिपय थप व्यवस्था गर्नुपर्ने छ भन्ने सुझाव आएका छन ।

अहिलेकै व्यवस्थालाई निरन्तरता दिने वा परिमार्जन गर्ने ?

**छलफलका लागि केही प्रस्ताव**

- टोल कार्यसमिति हाम्रो पार्टी संरचनामा सबैभन्दा भूइ तहमा रहेर जनताको दु:खसुखमा जोडिने समिति हो । तर पार्टीको निर्णय प्रक्रियामा यो समिति कही कतै जोडिदैन् । त्यसैले टोल कार्यसमितिको अधिकारलाई थप प्रष्ट गर्ने । संगठनमा गतिशीलतासँगै प्रक्रियामा समेत सम्भव भएसम्म वडा कार्यसमिति सदस्यलाई टोल कार्यसमितिको संयोजकको जिम्मेवारी दिने ।
- विधानले वडा सम्मेलन छ-छ महिनामा गर्ने भनेको छ जुन व्यवहारिक रूपमा कार्यान्वयन हुन सकेको छैन त्यसैले वडा सम्मेलन प्रत्येक वर्ष गर्ने । प्रत्येक महिना बैठक बस्ने भएपछि वडामा कार्यसम्पादन समितिको व्यवस्था नराख्ने ।
- नगर/उप/महानगर समितिको संरचना ठुलो भएकोले व्यवहारिक रूपमा बैठक बस्न समेत नसकेको अबस्था छ । समितिलाई सानो र चुस्त बनाउने ।
- महानगर समिति, उपमहानगर समिति र नगर समितिको अधिकार र जिम्मेवारी स्पष्ट गर्ने । तहगत कार्यसमितिको काम, कर्तव्य र अधिकारमा अलमल र दोहोरोपन छ त्यसलाई स्पष्ट गर्ने ।
- पार्टीका जिल्ला सम्पर्क समितिलाई केही अधिकार र जिम्मेवारीसहित व्यवस्थित गर्ने । प्रदेश सम्पर्क समिति गठन गर्ने व्यवस्था गर्ने । सम्पर्क समितिको भूमिका, संरचना र पार्टीसंगको सम्बन्ध स्पष्ट गर्ने ।
- प्रदेश सभा क्षेत्रको सभापति र प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिको उपसभापति एउटै व्यक्ति हुने, प्रदेश प्रतिनिधि र कार्यसमिति सदस्य पनि एउटै व्यक्ति हुने कुराले कार्यबिभाजन र जिम्मेवारी बहनमा समस्या भएको छ । यसलाई व्यवहारिक बनाउनु पर्ने, प्रदेश सभा सभापति र सदस्यको संरचना परिवर्तन गर्ने ।
- महाधिवेशन प्रतिनिधिको भूमिका विधानमा नै थप स्पष्ट गर्ने । महासमिति सदस्य छनोटको प्रक्रिया र विधिलाई सहज बनाई अधिवेशनका बेला नै महासमिति सदस्य

टुङ्‌याउने वा कलष्टर अनुसार महाधिवेशन प्रतिनिधिमा बढी मत ल्याउनेलाई स्वत: महासमिति सदस्य बनाउने ।

- पार्टीको जिल्ला कार्यसमिति लगायत तहगत समितिका सचिवको काम, कर्तव्य र अधिकारको स्पष्टता र कार्यविभाजन गर्ने । महासमिति बैठकमा जिल्ला सभापति, सचिव र स्थानीय तहका सभापतिको सहभागिता अनिवार्य गर्ने ।
- पार्टी प्रदेश कार्यसमितिको अधिकार, भूमिका र केन्द्रीय कार्यसमितिसँगको सम्बन्धका थप स्पष्टता गर्ने। प्रदेश कार्यसमितिमा प्रदेश अधिवेशन प्रतिनिधिले मात्र उम्मेदवार हुन पाउने स्पष्ट व्यवस्था गर्ने ।
- सबैभन्दा भूइँ तहमा रहेको मधेसी दलित समुदाय लगायत विभिन्न समुदायको कलस्टर समेत प्रतिनिधित्व र पहुँच सुनिश्चितता हुनेगरी हाम्रो पार्टीको समग्र सदस्ययतादेखि नेतृत्वसम्मको सांगठनिक प्रणालीको विकास गर्ने ।
- पार्टीमा क्रियाशील सबै पुस्ता बिचको सन्तुलन कायम गर्न, अग्रजको सम्मानजनक उपस्थिति र युवा साथीहरूको उत्साहजनक क्रियाशीलताका लागि पार्टी विधानले नै निश्चित संख्या र आधार तय गरी सन्तुलन र व्यवस्थापन गर्ने । निश्चित प्रतिशत युवाको प्रतिनिधित्व सुनिश्चित गर्ने ।
- पार्टीका तहगत समितिको आकार व्यवहारिक र कार्यमुलक बनाउन सानो बनाउने र समितिभित्रै संविधानको मर्म अनुरुप समावेशी समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्ने।
- पार्टीको आर्थिक पारदर्शीता कोष व्यवस्थापनका सन्दर्भमा पार्टीको आन्तरिक कोष व्यवस्थापनका अतिरिक्त पार्टीहरूले निर्वाचनमा पाएको मत परिणामको अनुपातमा राज्यले नै कोष उपलब्ध गराउनु श्रेष्ठ विकल्प हुनेछ । राज्यले नै मतभारको आधारमा दलहरूलाई कोष उपलब्ध गराउने व्यवस्थाका लागि पार्टीले पहलकदमी लिने ।
- पार्टीमा प्रवेशको मापदण्ड र नीति भएजस्तै पार्टीको तर्फबाट स्थानीय,प्रदेश र संघीय तहमा राज्यको कुनै जिम्मेवारी वा शासकीय पदको अवधि तोक्नु आवश्यक रहेको । एउटै ब्यक्ति पटक पटक एउटै शासकीय जिम्मेवारीमा जाने परम्पराको अन्त्य गर्ने । कतिपटक पाउने सो को अवधि तोक्ने ।
- पार्टीको तहगत मर्यादाक्रमको स्पष्ट व्यवस्था विधानमा नै गर्ने ।

****

**अन्त्यमा,**

आदरणीय सभापतिज्यू,

महासमिति सदस्य साथीहरू !

करिव आठ दशक अघि हाम्रा अग्रजले परिकल्पन गरेको संविधानसभाबाटै संविधान बनाउने सपना साकार भएर आज हामीसंग नेपाली कांग्रेसकै नेतृत्वमा बनेको संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान छ । यो व्यबस्था ल्याउनका लागि जसरी जनताले नेपाली कांग्रेसलाई साथ दिएका छन त्यसरी नै यो व्यबस्थाबाट अबस्था बदल्ने जिम्मा पनि हामीलाई नै सुम्पेका छन ।

बिपी कोइरालाले भनेझै- हामीलाई इतिहासको हतियार बन्ने सौभाग्य प्राप्त भएकोमा गर्व छ भने यही तथ्यबाट उत्पन्न भएको जिम्मेवारीबाट हामी कसरी मुक्त हुन सक्छौं? हामीलाई कुनै किसिमको विश्रामको सुख प्राप्त छैन।' इतिहास साक्षी छ-नेपाली कांग्रेस पार्टीले नेपाली जनताले सुम्पिएको हरेक युगान्तकारी र चुनौतीपूर्ण अभिभारा इमान्दारी र निष्ठापूर्वक निर्वाह गर्दै आएको छ । आज नेपाली कांग्रेस पार्टीकै काँधमा समुन्नतिको युगको समेत नेतृत्व गर्नुपर्ने अभिभारा छ ।

हामीले बनाएको संविधानको आधारशीलामा उभिएर समुन्नति, स्वतन्त्रता र समतालाई प्रवर्धन गर्ने मार्गचित्र देखाएर आम नागरिकको हृदयमा नौलो जागरण र भरोसाको किरण छर्नुपर्नेछ । विगतमा जस्तोसुकै कठिन घडिमा पनि पार्टी नेतृत्वले जसरी कार्यकर्तालाई जागृत बनाएको छ र आम जनतालाई भरोषा दिएको छ त्यसरी नै यस महासमितिबाट सन्देश दिनुपर्नेछ-हामी सक्छौं। समयले हामी प्रत्येक सदस्यबाट फेरी त्यही निष्ठा, उच्च नैतिक तागत र समर्पण खोजेको छ जुन हाम्रा अग्रजले कहिल्यै कमजोर हुन दिएनन् । यसको लागि पार्टीलाई चलायमान बनाउनुपर्नेछ । सङ्गठनभित्र प्रत्येक सदस्यलाई ऊर्जा र न्यायको अनुभुति दिलाउनुपर्नेछ । समर्थक र शुभेच्छुकको स्नेहभाव कायम राख्नुपर्नेछ ।

थुप्रै द्वन्द्व, हिंसा र निरङ्कुश सत्तालाई झेलेर उदाएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई फेरि यही बेला अर्को सङ्कटको भूमरीमा फँसाएर राजनीतिक अभीष्ट पूरा गर्न चाहने पश्चगामी शक्ति र पपुलिस्ट प्रवृत्तिले पनि फँडा उठाउन खोज्दै गरेको देखिन्छ । मुलुकलाई पुनः पछाडि धकेल्न चाहने सबै शक्ति र प्रवृत्तिलाई पराजित गर्न पनि नेपाली कांग्रेस पार्टीभित्र र बाहिर दुवै तिर उही पूरानै उत्साहको ऊर्जा चाहिएको छ ।

देशको सबैभन्दा पूरानो र ऐतिहासिक महत्वका क्षणमा हरदम नेतृत्व लिँदै आएको पार्टी भएका कारण यहाँ भएका परिवर्तन र त्यसबाट जनताको जीवनस्तरमा पर्ने प्रभावप्रति कांग्रेसको ठुलो जिम्मेवारी छ। तर नेपाली कांग्रेस स्वयं संशयग्रस्त भएर अलमलियो भने मुलुकभित्रका सबै समुदाय, जातजाति,

भाषभाषी र क्षेत्रका जनताले व्यक्तिगत र सामुहिक उन्नतिका लागि समान अबसर, साधन र स्रोत प्राप्त गर्न सक्ने लोकतान्त्रिक व्यवस्थाको निर्माण गर्ने पार्टीको गुरुत्तर दायित्व पूरा हुन सम्भव छैन।

आज सम्झना गर्नु परेको छ कि हाम्रा प्रात:स्मरणीय सहिदहरूले आफ्नो जीवन उत्सर्ग समाजको आमूल परिवर्तनका लागि गरेका थिए। नेपाली कांग्रेसको इतिहासका प्रत्येक पृष्ठहरूमा देशभक्त, स्वाभिमानी र समर्पित कार्यकर्ताको त्याग, तपस्या र वलिदानका गाथाहरू छन। सबै नेपाली सुखी हुने द्वन्द्व र शोषणरहीत समतामूलक स्वावलम्बी समाजको निर्माण गर्न सकियो भनेमात्र त अग्रजको बलिदानको सम्मान अनि कांग्रेस पार्टीको अस्तित्वको औचित्य पुष्टी हुनेछ।

तसर्थ, महासमितिको यो बैठकले पार्टीमा रचनात्मक हस्तक्षेप गरी नयाँ जागरण ल्याएर यसको औचित्य र विशेषतालाई पुनर्स्थापित गर्नु पर्नेछ। देश र पार्टीका लागि असहज परिस्थितिमा हुन गइरहेको यो बैठकले विचार र संगठनको अन्तिम तहसम्म पुगेर कांग्रेसभित्र व्याप्त संशयको निदान गर्दै पार्टीलाई स्पष्ट दिशानिर्देश गर्न सक्नुपर्छ। पार्टीभित्र र बाहिरका आम कांग्रेसजनमा देखिएको उदासिनताको बादललाई हटाउँदै समुन्नत नेपाल निर्माणको अभियानमा एकजुट भएर अघि बढ्न आज हामीले सङ्कल्प गर्नुपरेको छ :

- हाम्रै नेतृत्वमा बनेको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको स्वामित्व लिँदै यसको रक्षा र कार्यान्वयन गर्न पार्टीमा उच्च आत्मविश्वास छ र स्पष्ट मार्गचित्र छ,

- समुन्नत नेपाल :सम्मानित नेपाली निर्माण नेपाली कांग्रेसको स्पष्ट ध्येय हुने छ; समाजको हरेक महत्वपूर्ण पक्षमा पार्टीको सही राजनीतिक धारणा र मौलिक दृष्टिकोण हुने छ ,

- पार्टीका सबै सदस्य लोकहितको एउटै मिसनमा बाँधिएकाले नेपाल कांग्रेस पारस्परिक एकता, आत्मियता, सहअस्तित्व र सहकार्यको भावनाले परिचालित गुटबन्दी र व्यक्तिगत स्वार्थबाट मुक्त पार्टी हुने छ,

- पार्टीका सदस्यहरु, नेतृत्वकर्ताहरुमा निरन्तर आफ्नो ज्ञानको दायरा वृद्धि गर्ने चाहना हुनेछ र पार्टीमा त्यस्तो अबसर दिने संरचना हुने छ,

- सबै किसिमका भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति लिँदै भ्रष्टाचार गर्ने व्यक्ति जतिसुकै शक्तिशाली भए पनि कानून अनुसार दण्डित हुनैपर्छ भन्ने मान्यतामा नेपाली कांग्रेस पार्टी अडिग र अविचलित रहने छ,

- पार्टीले आफूले नेतृत्व गरेका सबै तहका सरकार सञ्चालनका लागि सुशासनलाई मन्त्र बनाई जनतालाई निरन्तर तिनका मुद्दासँग जोडिएको अनुभूति गराउने छ,

- पार्टी संगठन विधि थितिमा चलेको हुनेछ; पार्टीमा अभिलेख र मूल्याङ्कनको चुस्त प्रणाली हुने छ; सबै सदस्यलाई पार्टीभित्र न्याय हुन्छ भन्ने विश्वास हुने छ।

यसरी नेपाली कांग्रेसलाई '२००६ सालको जस्तो क्रान्ति चेत, २०१५ सालको जस्तो प्रगतिशील र समावेशी सोच, २०४८ सालको जस्तो लोकप्रिय मत, २०६३/०६३ को जस्तो सर्वस्वीकार्य नेतृत्व भएको हाम्रो गौरवशाली विगत तथा अग्रजहरूको अकल्पनीय संघर्ष, त्याग र परिश्रमबाट प्रेरणा लिदै आजको समयको चेत बुझेर नवीन पुस्ताले विश्वास र भरोसा गर्न सक्ने सुनौलो भविष्यतिर उन्मुख, स्पष्ट ध्येय भएको, व्यवस्थापनमा अब्बल, गतिशील र आधुनिक संगठन बनाउने छौँ'।

जय नेपाल !

तपाईँको साथी,

गगनकुमार थापा

महामन्त्री

२०८० फागुन ७, प्रजातन्त्र दिवस

**अनुसूची-१**

**१५औँ महाधिवेशनको प्रस्तावित कार्यतालिका**

२०७८ मंसिरमा सम्पन्न नेपाली कांग्रेसको चौधौँ महाधिवेशनबाट निर्वाचित वर्तमान कार्यसमितिको ४ बर्षे कार्यकाल नेपाली कांग्रेसको विधान २०१७ (संशोधन सहित) को धारा १७ (१) र धारा ४३ बमोजिम आगामी २०८२ मंसिर मसान्तभित्र समाप्त हुन्छ । अत: विधानत आगामी १५औँ महाधिवेशन २०८२ साल मंसिर मसान्तभित्र सम्पन्न गरिसक्नु पर्ने हुँदा सो अनुसार देहाय बमोजिमको महाधिवेशन कार्यतालिका प्रस्ताव गरिएको छ :

## कार्यतालिका

| क्र.सं. | कार्यक्रम | तालिका | कैफियत |
|---|---|---|---|
| १ | पार्टीको विधानमा संशोधन गर्ने विषयमा पार्टीका सबै तहबाट सुझाव संकलन तथा छलफल | २०८१ साउन मसान्तसम्म | विधानको धारा ४७ बमोजिम महाधिवेशनमा लागु हुनेगरी संशोधन गर्नुपर्ने विधान विषयहरू पार्टीमा व्यापक छलफल गरी प्रस्ताव गर्न उपयुक्त हुने । |
| २ | विधान महाधिवेशन | २०८१ असोज | विधानको धारा १७(५) मा विधान पारित गर्न फरक समयमा विधान महाधिवेशन गर्न सक्ने व्यवस्था भएकोले। |
| ३ | पारित विधान र अद्यावधिक क्रियाशील सदस्यको नामावली केन्द्रीय निर्वाचन समितिलाई बुझाउने | २०८१ साल कार्तिक महिना भित्र | केन्द्रीय महाधिवेशनको एक वर्ष अगाडि नै महाधिवशन प्रक्रिया सुरु हुने भएकोले । अधिवेशन प्रक्रिया सुरु हुनुपूर्व नै सदस्यताको अन्तिम नामावली निर्वाचन समितिलाई उपलब्ध गराउन आवश्यक । |
| ४ | वडा अधिवेशन | २०८१ साल मंसिर १५ भित्र | विधानको धारा ६ र ७ सँग सम्बन्धित साथै विधानको धारा ३५ (२) घ बमोजिम केन्द्रीय महाधिवेशन र प्रदेश अधिवेशन हुने वर्ष भन्दा १ वर्ष अगावै गठन गरिसक्नु पर्ने विधानको व्यवस्था भएकोले |
| ५ | गाउँपालिका/नगर /उपमहानगर/महानगरपालिका अधिवेशन | २०८१ साल मंसिर मसान्त भित्र | विधानको धारा ८ र ९ सँग सम्बन्धित साथै विधानको धारा ३५ (२) घ बमोजिम केन्द्रीय महाधिवेशन र प्रदेश अधिवेशन हुने वर्ष भन्दा १ बर्ष अगावै गठन गरिसक्नुपर्ने विधानको व्यवस्था भएकोले |

| | | | |
|---|---|---|---|
| ६ | प्रदेश सभा क्षेत्रीय अधिवेशन, | २०८२ साल भदौ मसान्त भित्र | विधानको धारा १० सँग सम्बन्धित साथै विधानको धारा ३५ (२) घ बमोजिम केन्द्रीय महाधिवेशन र प्रदेश अधिवेशन हुनु विधानको धारा ३५ (२) घ बमोजिम केन्द्रीय महाधिवेशन र प्रदेश अधिवेशन हुनु भन्दा ३ महिना अगावै गठन गरिसक्नुपर्ने विधानको व्यवस्था भएकोले |
| ७ | प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन, केन्द्रीय महाधिवेशन प्रतिनिधि, केन्द्रीय महासमिति सदस्य चयन | २०८२ साल भदौ मसान्त भित्र | विधानको धारा ११ सँग सम्बन्धित साथै विधानको धारा ३५(२)घ बमोजिम केन्द्रीय महाधिवेशन र प्रदेश अधिवेशन हुनु भन्दा ३ महिना अगावै गठन गरिसक्नुपर्ने विधानको व्यवस्था भएकोले |
| ८ | जिल्ला अधिवेशन | २०८२ साल असोज मसान्तभित्र | विधानको धारा १२ सँग सम्बन्धित |
| ९ | विदेशस्थित नेपाली जनसम्पर्क समितिको अधिवेशन | २०८२ साल असोज मसान्त भित्र | विधानको धारा १४ सँग सम्बन्धित |
| १० | प्रदेश अधिवेशन | २०८२ साल कार्तिक मसान्तभित्र | विधानको धारा १३ सँग सम्बन्धित |
| ११ | **केन्द्रीय महाधिवेशन** | २०८२ साल मंसिर मसान्तभित्र | विधानको धारा १५ देखि २१ सम्म सम्बन्धित |